
# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २१ | काठमाडौं | बुधबार, ३१ वैशाख २०८२ | Prabhab National Daily | Wednesday, May 14 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# जहिल्यै हौसिने ओलीसँग अहिले छैन आँट



- नेकपाकालमा ओलीले टावर निर्माणदेखि घरघरमा पाइपबाट ग्यास पुऱ्याउनेदेखि, रेल, पानीजहाज र स्याटालाइट परियोजनाका सपना बाँड्थे
- यसपटक प्रधानमन्त्रीमा फर्केर आउँदा राज्यको ढुकुटीमा पैसा नै नभएको ओलीको भनाइ
- त्यसै कारण फूर्तिसाथ यो पनि गर्छु त्यो पनि गर्छु भनेर पहिलेजस्तो गरी आँट नगरेको ओली बताउँछन्

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रोपटक प्रधानमन्त्री हुँदा हौसियर एकैचोटि ३९६ अस्पताल उद्घाटन गरेका केपी शर्मा ओली अहिले भने बजेटको कारण देखाउँदै आफ्नो योजना अलपत्र भएको बताएका छन् । २०७७ साल मंसिर १५ मा तामझाम र हतारहतार शिलान्यास गरिएका अस्पतालहरूको अवस्था भद्रगोल भएपछि ओलीले यस्तो बताएका हुन् ।

मंगलबार बालुवाटारमा आयोजित 'सिनेपा' अत्याधुनिक इण्डोर छायांकन स्टुडियो निर्माण आरम्भ उद्घाटनमा अहिले हौसिने समय नरहेको बताएका हुन् । 'जे पनि हुन्छ, भन्थैं । जे पनि गर्नुपर्छ भन्थैं । एकैचोटि ३९६ वटा हस्पिटल शिलान्यास गरेको हो नि,' प्रधानमन्त्री ओलीले भने ।

अहिले भने सरकारसँग बजेटकै अभाव भएकाले कुनै पनि योजना सुरू गर्दा विचार गर्नुपर्ने अवस्था आएको उनको भनाइ थियो । 'अघिल्लोचोटि प्रधानमन्त्री हुँदा अहिलेजस्तो त्यसबेला पैसाको हाहाकार थिएन,' ओलीले भने ।

> फूर्तिसाथ यो पनि गर्छु त्यो पनि गर्छु भनेर पहिलेजस्तो गरी आँट गरेको छैन । खल्तीमा हुँदा पो आँट गरिन्छ । राज्यको ढुकुटीमा नहुँदा आँट गर्न पनि गाह्रो हुन्छ नि ! धेरै मुस्किलले कताको रकम कता मिलाएर काम गर्नुपरेको छ ।
>
> **केपी शर्मा ओली**
> प्रधानमन्त्री

नेकपाकालमा ओलीले टावर निर्माणदेखि अपूरा कार्ययोजनासमेत उद्घाटन गर्थे । त्यतिबेला ओलीले घरघरमा पाइपबाट ग्यास पुऱ्याउनेदेखि रेल, पानीजहाज र स्याटालाइट परियोजनाका सपना बाँडेका थिए । पहिले आफूले सुरू गरेका योजनाहरू तीन वर्षसम्म अलपत्र भएका र ती सुरू गर्ने मन भए पनि पैसा नभएको ओलीको तर्क रह्यो । 'तीन वर्षको ग्यापपछि म फेरि प्रधानमन्त्रीमा फर्केर आउँदा जहाँसम्म गाडी पुगेको थियो, त्यही रोकेको गाडी त्यहाँबाट अगाडि बढेको थिएन । फेरि सुरू गर्नुपऱ्यो । तर सुरू गर्नलाई पैसा नै छैन,' प्रधानमन्त्री ओलीले भने ।

यसपटक उनी कार्यक्रमहरू अघि सार्न निकै हच्किएका सुनिन्छन् । 'त्यसैकारण फूर्तिसाथ यो पनि गर्छु त्यो पनि गर्छु भनेर पहिलेजस्तो गरी आँट गरेको छैन,' ओलीले भने, 'किनकि खल्तीमा हुँदा पो आँट गरिन्छ । राज्यको ढुकुटीमा नहुँदा आँट गर्न पनि गाह्रो हुन्छ नि ! धेरै मुस्किलले कताको रकम कता मिलाएर काम गर्नुपर्ने छ ।'

देशको आर्थिक संकट गहिरिँदो छ । त्यसैले यसपटकको बजेट बनाउनअघि सरकारले निकै कसरत गरिरहेको छ । अर्थतन्त्रमा सरकारले लिएको गलत नीतिका कारण घरजग्गा व्यवसायदेखि बैंकिङ कारोबार कमजोर हुँदै गएको छ । यद्यपि, प्रधानमन्त्री ओलीले यो सरकारले ओरालो लागेको अर्थतन्त्रलाई 'ब्रेक' लगाइसकेको दाबी गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरण

# सांसद राईविरुद्ध अदालतमा मुद्दा बिगोसहित सात वर्ष कैद मागदाबी

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कांग्रेसकी सांसद माया राईविरुद्धको सहकारी ठगी मुद्दा अदालत पुगेको छ । सरकारी वकिल कार्यालय काठमाडौंले प्रहरी परिसर काठमाडौंले बुझाएको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला अदालत काठमाडौंमा पूरक अभियोजनमार्फत मंगलबार मुद्दा दर्ता गरेको हो ।

उनीविरुद्ध सहकारी ठगी र संगठित अपराध गरी दुईवटा कसूरमा प्रतिवादी बनाइएको छ । यी दुई कसूरमा राईसहितका प्रतिवादीहरूलाई बिगोसहित सात वर्ष कैद र ७० हजार रूपैयाँ जरिवाना माग गरिएको छ । कालीमाटीको स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा उनी मुछिएकी थिइन् र अनुसन्धानका लागि प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेसहितका व्यक्तिमाथि मुद्दा दायर भएको थियो । उनी पछि धरौटी बुझाएर रिहा भए । तर, जतिबेला रविसहितलाई प्रतिवादी बनाउँदै सरकारी वकिल कार्यालय काठमाडौंले मुद्दाको अभियोजन गऱ्यो, त्यतिबेला राईलाई उन्मुक्ति दिइएको थियो । राईलाई उन्मुक्ति दिएको भन्दै सडक र सदनमा आलोचना भएको थियो । यसपछि यही १३ वैशाखमा प्रहरीले कपनबाट राईलाई पक्राउ गरेको थियो ।

राईलाई पक्राउअघि २० जना पीडितको जाहेरी प्रहरीले लिएको थियो । त्यसपछि पूरक अभियोजनसहित सरकारी वकिल कार्यालय काठमाडौं अदालतमा पुगेको हो । अदालतमा दायर मुद्दामा कांग्रेस सांसद राईविरुद्ध ३७ लाख ३५ हजार ८४३ रूपैयाँ बिगो मागदाबी गरिएको छ । उनी स्वर्णलक्ष्मी सहकारीको तत्कालीन सहसचिव रहेको खुलेको छ । उनकै पालामा सहकारीको रकम अपचलन भएको देखिएको थियो ।




- कांग्रेस सांसद माया राईविरुद्ध सहकारी ठगी र संगठित अपराध मुद्दा
- ३७ लाख ३५ हजार रूपैयाँ बिगो मागदाबी, सात वर्ष कैद र ७० हजार रूपैयाँ जरिवाना माग
- राई सहकारी सञ्चालक छँदा दुई करोडभन्दा बढी अपचलन
- ६९० बचतकर्ताको एक अर्ब १९ करोड ३० लाख ९० हजार रूपैयाँ हिनामिना
- सांसद राईसँगै जिबी राई, देबेन्द्रबाबु राई, कुमार रम्तेललगायत उक्त मुद्दाका प्रतिवादी

अदालतमा अभियोजन गरेको अभियोगपत्रमा उल्लेख भएअनुसार राई सहकारीको सञ्चालक समितिमा रहेको अवधिमा करिब साढे दुई करोड रूपैयाँ अपचलन भएको थियो । उनी आर्थिक वर्ष २०७३/७४ मा कालिमाटीमा रहेको स्वर्णलक्ष्मी सहकारीको सञ्चालक समिति सदस्य थिइन् । सहसचिव भएको भने आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा हो ।

सञ्चालक समितिमा रहेको बेला आर्थिक वर्ष २०७३/७४ मा पनि रकम अपचलन भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । त्यतिबेला विनाधितो ऋण प्रवाह गरेको भेटिएको थियो । सहकारी ठगीमा ८९ लाख ३४ हजार रूपैयाँ सांसद राई सञ्चालक समितिको सदस्यमा रहेका बेला अपचलन भएको खुलेको अभियोगपत्रमा उल्लेख छ । कूल पुँजीको १० प्रतिशतभन्दा बढी रकम लगानी गरेको भेटिएको छ ।

कतिसम्म भने सूचीकृत नभएका संस्थालाई समेत लगानी गरेको भेटिएको छ । सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख रामहरि शर्मा काफ्लेका अनसार उनी सञ्चालक भएको बेला सहकारीको दुई करोड ४० लाख ४४ हजार रूपैयाँ अपचलन भएको पाइएको छ ।

यसअघि यो सहकारी ठगी प्रकरणमा २१ पुसमा ३९ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा ६९० बचतकर्ताको एक अर्ब १९ करोड ३० लाख ९० हजार रूपैयाँ हिनामिना गरेको भन्दै मुद्दा दायर भएको थियो । स्वर्णलक्ष्मीको माइन्युटमासमेत सांसद राईको हस्ताक्षर भेटिएको छ । उनले माइन्युटमा भएको हस्ताक्षर आफ्नो भएको स्वीकार गरिसकेकी छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# दक्षिण कोरियाका लागि 'एनओसी' स्थगित

## विद्यार्थी भिसामा कोरिया गएर रोजगारीमा केन्द्रित हुने प्रवृत्ति बढेपछि एनओसी जारी गर्ने कार्य स्थगित गरिएको शिक्षा मन्त्रालयको भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले दक्षिण कोरियामा अध्ययनका लागि जानेहरू काममा बढी केन्द्रित भएको भन्दै वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) दिने कार्य स्थगित गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मंगलबार सूचना जारी गर्दै हाललाई दक्षिण कोरियाका लागि एनओसी स्थगित गरिएको जानकारी दिएको हो ।

मन्त्रालयका अनुसार 'डी-टु' र 'डी-फोर' भिसामा अध्ययन गर्न जानेहरू (विशेषगरी ग्र्याजुएट कोर्स अध्ययनमा) सुरुआतदेखि नै रोजगारीलाई बढी प्राथमिकतामा राख्दा अध्ययनमा निरन्तरता नदिने, अध्ययनको समय थोरै दिए पुग्ने विश्वविद्यालयमा भर्ना हुनेजस्ता प्रवृत्तिहरू देखिन थालेकोले एनओसी बन्द गर्नुपरेको हो । पैसा कमाउने कामलाई बढी महत्त्व दिँदा अध्ययनमा समय दिन नसक्ने र काम नपाएको खण्डमा डिप्रेसनजस्ता मानसिक समस्यामा पर्ने गरेको भेटिएको मन्त्रालयको भनाइ छ ।

साथै, नेपाली विद्यार्थीहरूलाई कालो सूचीमा परेका विश्वविद्यालयमासमेत पठाएको पाइएकाले कोरिया अध्ययनको व्यवस्थालाई व्यवस्थित एवं नियमन गर्नुपर्ने देखिएको मन्त्रालयले उल्लेख गरेको छ । कोरियाका लागि प्रदान गरिने एनओसीलाई व्यवस्थित र नियमन गर्नका लागि अध्ययन कार्यदल बनाएकोसमेत मन्त्रालयले जनाएको छ । कार्यदलको सिफारिसपश्चात् थप निर्णय गरिने मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ ।




### एनओसी खुलाउन कन्सल्टेन्सी सञ्चालकको माग

मन्त्रालयले सूचना जारी गरेलगत्तै कन्सल्टेन्सी सञ्चालकहरूको संस्था शैक्षिक परामर्श संघ नेपाल (इक्यान)का पदाधिकारीहरू शिक्षामन्त्री रघुजी पन्तलाई भेट्न मन्त्रालय पुगेका छन् । उनीहरूले ज्ञापनपत्र बुझाउँदै रोकिएको एनओसी खुलाउन मन्त्रीको ध्यानाकर्षण गराएका छन् । कुनै व्यक्ति या संस्था गलत भए उनीहरूलाई कारबाही गर्नुपर्ने तर त्यस्ता गतिविधिका कारण सम्पूर्ण व्यवसायलाई बदनाम गर्ने, अपराधसँग जोड्ने काम नगर्न उनीहरूले माग गरेका छन् ।

दक्षिण कोरियास्थित नेपाली दूतावासले परराष्ट्र मन्त्रालयलाई यही वैशाख १७ गते यस विषयमा ध्यानाकर्षण गराउँदै पत्र पठाएको थियो । परराष्ट्रले वैशाख १९ गते शिक्षा मन्त्रालयलाई पत्राचार गरेको थियो । इक्यानले कोरियाले पठाएको पत्रप्रतिसमेत आपत्ति जनाएको छ । इक्यानले सोमबार विज्ञप्ति निकाल्दै 'दक्षिण कोरियास्थित नेपाली दूतावासको पत्रमा परामर्श संस्थाहरूलाई झूठा आश्वासन दिने, विद्यार्थीलाई ब्रेनवास गर्ने, कोरियाली समाजमा घुलमिल हुन नसक्ने विद्यार्थी पठाउने' जस्ता प्रमाणहीन आरोप लगाइएको जनाएको थियो ।

अध्ययनका लागि नेपाली विद्यार्थी जाने मुलुकमध्ये कोरिया छैटौं स्थानमा पर्छ । सबैभन्दा बढी अस्ट्रेलिया जाने गरेका छन् । शिक्षा मन्त्रालयअन्तर्गतको एनओसी शाखाका अनुसार सन् २०२३/२४ मा छ हजार ८८९ जनाले कोरिया अध्ययनका लागि अनुमति लिएका थिए । सन् २०१९/२० मा २८ हजार ८८३ जनाले वैदेशिक अध्ययन अनुमति लिएका थिए । त्यसअघि सन् २०१७/१८ मा ६३ हजार ४१७ जनाले एनओसी लिएको सरकारी तथ्यांक छ । २०२०/२१ मा एक लाख १२ हजार ९६८ जनाले एनओसी लिएका थिए । त्यसपछिका वर्षहरूमा भने वार्षिक सोही अनुपातमा वैदेशिक अध्ययनमा जाने गरेको पाइएको छ । २०२१/२२ मा एक लाख १० हजार २१७ जना र २०२२/२३ मा एक लाख १२ हजार ९६८ जनाले अध्ययन अनुमति लिएका थिए ।

विगतमा मुलुकमा नभएका विषय अध्ययनका लागि विदेश जाने गरिन्थ्यो । पछिल्लो समय भने मुलुकमै पढे बेरोजगार भइने र विदेश गए पढाइसँगै पैसा पनि कमाइने भन्ने मनस्थिति युवाहरूमा भेटिन थालेको छ ।

क्रमशः पृष्ठ २ मा




# सगरमाथा संवादमा १७५ विदेशी विशिष्ट पाहुना

**काठमाडौं (प्रस)–** नेपाल सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा आयोजना गर्ने 'सगरमाथा संवाद'मा १७५ विदेशी पाहुना सहभागी हुने भएका छन् ।

परराष्ट्रमन्त्री तथा सगरमाथा संवाद व्यवस्थापन समितिकी संयोजक डा. आरजु राणा देउवाले संवादको तयारीका सम्बन्धमा मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा विदेशी पाहुनासहित करिब त्यतिकै संख्यामा नेपाली सहभागी हुने जानकारी दिइन् ।

उनले भनिन्, 'संवादमा करिब ३५० जना सहभागी हुनुहुने छ । १२ देशको उच्च तहको प्रतिनिधिमण्डल सहभागी हुने छ ।' पहिलो संस्करणको सगरमाथा संवादको मुख्य विषय 'जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य' रहेको छ । सगरमाथा संवाद नेपालले स्थापना गरेको एउटा अन्तर्राष्ट्रिय मञ्च हो । मानव जगतका विभिन्न समस्या र मुद्दाबारे संवाद गर्ने, छलफल गर्ने तथा समाधानका लागि एउटा निष्कर्षमा पुग्ने यसको उद्देश्य रहेको छ ।

'संवादको तयारी अन्तिम चरणमा पुगेको छ । हामीले तयारीका विभिन्न चरण पार गरी यहाँसम्म आइपुगेका छौं । हामीले १० वटा जति पूर्वसंवादलगायतका तयारी पूरा गरेका छौं,' मन्त्री डा. राणाले भनिन् ।

उक्त कार्यक्रममा संवादसम्बन्धी तयार पारिएको एक चिनारीयुक्त श्रव्यदृश्य सामग्री प्रस्तुत गरिने छ । भारत र चीनका तर्फबाट प्रतिनिधिमण्डलको नेतृत्व गरेर आउने विशिष्ट पाहुना र कोप-२९ का अध्यक्ष तथा अजरबैजानका राष्ट्रपतिका जलवायु विषयसम्बन्धी प्रतिनिधिले सम्बोधन गर्ने कार्यक्रम रहेको संवाद सचिवालयले जनाएको छ ।

कार्यक्रममा संवादलाई सम्बोधन गरी संयुक्त राष्ट्रसंघका महासचिवले पठाएको श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गरिने छ । उद्घाटनपछि १२ छुट्टाछुट्टै विषयमा कार्यक्रम सञ्चालन हुने छन् । राजनीतिज्ञ, नीति निर्माता, विद्वान, विज्ञ एवं विषय ज्ञाता र अनुसन्धानकर्ताको गहन ढंगको छलफल एवं विचार आदानप्रदान तथा विश्लेषणका माध्यमबाट जलवायु परिवर्तन र पर्वतीय समस्या समाधान तथा संभावनामा जोड दिइने कार्यक्रम रहेको मन्त्री डा. राणाले बताइन् ।

सगरमाथा संवादमा विभिन्न मुलुकका साथै सार्क, बिम्स्टेक, विश्व बैंक, एसियाली विकास बैंकलगायत विकास सहायता संस्था, विश्वविद्यालय, अनुसन्धान तथा सोध केन्द्र, नागरिक समाज, गैरसरकारी संस्थालगायतबाट ६१ विदेशी तथा स्वदेशी संगठन एवं संस्थाले भाग लिने छन् ।

# सरकारी उद्योगका औषधि सरकारी अस्पतालमा उपलब्ध गराउने तयारी

**काठमाडौं (प्रस)–** नेपाल औषधि लिमिटेडद्वारा उत्पादित सुपथ मूल्यका औषधि सरकारी स्वास्थ्य संस्थामा उपलब्ध गराउन सहजीकरण समिति गठन गरिएको छ । लिमिटेडद्वारा उत्पादित सिटामोल, जीवनजललगायतका औषधि बिक्री नभएको गुनासोपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आवश्यक छलफल गरी समिति गठन गरेको उनको सचिवालयले जानकारी दिएको छ ।

मन्त्री पौडेलले सरकारी नियमानुसार तीनै तहका सरकारी स्वास्थ्य संस्थामा ती औषधि बिक्री सहजीकरणका लागि आवश्यक पहलका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र लिमिटेडका अधिकारीसँग मंगलबार छलफल गरेका थिए । उक्त बैठकपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको नेतृत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लिमिटेडलगायतका अधिकारी रहने गरी समिति गठन गरिएको हो । अब समितिको सुझावका आधारमा आवश्यक निर्णय गरेर अघि बढ्ने मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।

यसअघि छलफलका क्रममा स्वास्थ्यमन्त्री पौडेलले आमनागरिकलाई सुपथ मूल्यमा उपलब्ध गराउन लिमिटेडबाट निरन्तर उत्पादन हुन जरुरी रहेको बताए । उनले सरकारी स्वास्थ्य संस्थामा अनिवार्य उपलब्ध हुनुपर्ने ९८ प्रकारका औषधिका लागि उद्योगबाट खरिद गर्न सकिने विकल्पबारे गृहकार्य अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

छलफलमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटा, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउत, नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपाने, महाप्रबन्धक कैलाशकुमार पनेरुसमेत सहभागी थिए ।

## पृष्ठ १ बाट क्रमशः

### जहिल्यै हौसिने ...

'तर हामीले ओरालो लागेको अर्थतन्त्रलाई ब्रेक लगाएका छौं । यो त्रिशूलीमा खस्नेवाला छैन । अब बाटोबाटै अगाडि बढ्छ,' ओलीले भने ।

**माओवादीलाई कटाक्ष- एक रूपैयाँमा पार्टी अफिस बन्दैन**

कुनै पनि परियोजना बन्न निकै कठिन हुने उल्लेख गर्दै ओलीले नसक्ने काममा आँट गर्न नहुने सुझावसमेत दिए । कलाकार सीताराम कट्टेल र कुञ्जना घिमिरे 'धुर्मुस-सुन्तली'को जोडीले चितवनमा निर्माण थालेको क्रिकेट मैदानको उदाहरण दिँदै ओलीले यस्तो सुझाएका हुन् ।

'मैले यसो नगर बाबु, नानु, यो सम्भव छैन, भन्दाभन्दै गरे । धुर्मुस सुन्तलीले बहुत् दुःख पाए, माया लाग्छ,' ओलीले भने । त्यसैगरी उनले एक रूपैयाँले पार्टी कार्यालय पनि नबन्ने तर्क गरे । 'अस्ति हाम्रो पार्टी अफिस गएर एक-एक रूपैयाँमा हामी बनाउँछौं भन्ने पनि निस्किए,' प्रधानमन्त्री ओलीले भने, 'एक-एक रूपैयाँमा पार्टी अफिस बनाउने रे ! एक-एक रूपैयाँ दिन्छौं र पार्टी अफिस बनाउँछौं भन्नेलाई 'ल ल्याऊ' भन्दा वाचाबाट मुख फर्काए ।'

गत असोजमा विवादित व्यवसायी भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङले एमाले कार्यालयका लागि कीर्तिपुरमा १० रोपनी १४ आना जग्गा दान दिएका थिए । उक्त जमिनमा ओलीले एमाले केन्द्रीय कार्यालय बनाउन शिलन्याससमेत गरेका थिए । त्यसपछि नेकपा माओवादी केन्द्रनिकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले नेकपा एमालेको पार्टी कार्यालय बनाउन भन्दै एक रूपैयाँ संकलन अभियान चलाएको थियो । काठमाडौंमा चलाइएको अभियानमा सोह्रखुट्टे र माइतीघरबाट तीन हजार ४१३ रूपैयाँ संकलन भएको थियो ।

■■■

### दक्षिण कोरियाका ...

आकर्षक तलबका कारण कोरियालाई नेपालको आकर्षक श्रम गन्तव्य मानिन्छ । तर, इपिएसमार्फत कोरिया जान भाषा परीक्षा उत्तीर्ण गरेकाहरूसमेत वर्षौंसम्म रोस्टरमा नाम कुरेर बस्नुपर्ने अवस्था छ ।

हरेक वर्ष लाखौंले भाषा परीक्षा दिने गरेका छन् । तर सन् २००८ यता करिब एक लाख १३ हजार जनाले मात्र कोरिया जाने अवसर पाए । भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया जान कठिन हुन थालेको अवस्थामा कोरिया छिर्न अध्ययन भिसाको प्रयोग गर्ने प्रवृत्ति बढेको बताइन्छ । यही कारण एनओसी स्थगित गर्नुपरेको मन्त्रालयको भनाइ छ ।

■■■

### सांसद राईविरुद्ध...

उनका अनुसार काठमाडौंको हाँडीगाउँमा एकै घरमा डेरा गरी बस्ने भूपेन्द्र राईको आग्रहमा हस्ताक्षर गरिएको हो । त्यसपछि भूपेन्द्र बसाइँ सरेर अन्त गएसँगै सम्पर्क र भेटघाट नभएको बयानमा भनेकी छन् ।

वकिल कार्यालयले राईसँगै गितेन्द्रबाबु (जिबी) राई, देबेन्द्रबाबु राई, कुमार रम्तेल, इरान लामा, कविता तामाङ, हेमन्त अधिकारी, रविना रिमाल, दीपक लामा, सविना आले मगर, भक्तबहादुर भोलन, प्रदीप लामा, सविता लामा, गणेशराज श्रेष्ठ, सुनिता नेवा, शान्तिकुमारी सुवेदी, रोमन काफ्ले, कमला लामा, नवीन अछामी, कल्पनाकुमारी श्रेष्ठ र राजु बराललाई पनि ठगी तथा संगठित मुद्दामा प्रतिवादी बनाएको छ ।

राईसहित २१ जनाविरुद्ध ६६९ बचतकर्ताले किटानी जाहेरी दिएका थिए । सोही सहकारीमा रास्वपा सभापति तथा पूर्वगृहमन्त्री रविले धरौटी बुझाउनुपरेको थियो ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८२/०१/३१

यस कम्पनीको मिति २०८१/१२/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **करियर फोकस इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **कान्तिपुर इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी ललितपुर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कान्तिपुर इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी ललितपुर प्रा.लि.** (प्रा.लि.नं.१८८१४३/७४/७५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**प्रदेश सरकार**
**वन संवरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन का कार्यालय, रौतहट**
**चन्द्र मिगाहपुर**

**डिभिजन वन कार्यालय, रौतहटको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२।०१।३१

डिभिजन वन कार्यालय, रौतहटको आ.व २०८१/२०८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार पकेट क्षेत्रमा जडिबुटि खेती विस्तार कार्यक्रम अन्तर्गत पकेट क्षेत्रमा जडिबुटि खेती कार्यक्रमका लागि बजेट व्यवस्था भएको हुदा सो संम्बन्धमा मिति २०८२।०१।२६ गते बसेको जडिबुटी फोकल टिम रौतहटको बैठकको निर्णयानुसार उक्त कार्यक्रम संचालन गर्नका लागि विस्तृत सुचनामा तोकिए अनुसारको कागजातहरू संलग्न राखि निवेदन पेश गर्न सरोकारवालाहरूको जानकारीको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । प्रस्तावको ढाचा, लगायतको विस्तृत जानकारी यस कार्यालयको Website:dforutahat.gov.np मा र सूचना पाटीमा राखिएको छ । सम्पर्क नं ०५५-५४०२१०

**नि. डिभिजन वन अधिकृत**

**युएइमा रोजगार** कम्पनी : Mts Electromechanical Equipment Installation And Maintenance Co Llc

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ LT. No. 323393 चलानी नं. ६०२३७६५६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician | 4 | 0 | 1000 | ३६,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst Welder | 1 | 0 | 1000 | ३६,९१५ | | | | | | | |
| 3 | Bricklayer | 3 | 0 | 900 | ३३,२३५ | | | | | | | |
| 4 | Carpenter | 2 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 5 | Concrete Masons | 14 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 6 | Electrician. | 1 | 0 | 1000 | ३६,९१५ | | | | | | | |
| 7 | Glass Fitters | 14 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 8 | Insulation Worker | 4 | 0 | 900 | ३३,२२५ | | | | | | | |
| 9 | Painter | 25 | 0 | 1000 | ३६,९१५ | | | | | | | |
| 10 | Plumber. | 6 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 11 | Steel Fixer | 17 | 0 | 1200 | ४५,००० | | | | | | | |
| 12 | Stone Mason | 13 | 0 | 1200 | ४५,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074
C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

**युएइ/साउदीमा रोजगार** कम्पनी : DOMUS INTERIOR CONTRACTING L.L.C शेवा शुल्कः नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०५/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० LT. No. 309484 चलानी नं.६०२२४११२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1200 | ४४,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Bloom Sweets Establishment शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०१/३० LT. No. 323697 चलानी नं.६०२३७६२९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SWEETS MAKER | 2 | 0 | 1200 | ४३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**कतार/मलेसियामा रोजगार** कम्पनी : ALALAM AL JADEED COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२३ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० LT. No. 319828 चलानी नं. ६०२३४२३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Service | 4 | 0 | 1300 | ४८,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1700 | ६३,३१२ | | | | | | | |
| 3 | Dry Clean Worker | 4 | 0 | 1100 | ४०,९६६ | | | | | | | |
| 4 | General Cleaning Worker | 4 | 0 | 1100 | ४०,९६६ | | | | | | | |
| 5 | LABOURER (MALE) | 4 | 0 | 1000 | ३७,२४२ | | | | | | | |
| 6 | Public Area Supervisor | 0 | 0 | 3000 | १,११,७२६ | | | | | | | |
| 7 | Receptionist | 0 | 0 | 1100 | ४०,९६६ | | | | | | | |
| 8 | Sales Supervisor | 2 | 0 | 3000 | १,११,७२६ | | | | | | | |
| 9 | Salesman | 3 | 0 | 1300 | ४८,४१५ | | | | | | | |
| 10 | Store Keepers | 2 | 0 | 1900 | ७०,७६० | | | | | | | |
| 11 | Supervisor-Sala Area | 1 | 0 | 3000 | १,११,७२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ४ गते (18th May 2025) मा हुनेछ ।

कम्पनी : SILENT GUARDIAN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२९ LT. No. 323408 चलानी नं. ६०२३७६२३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 73 | 0 | 1700 | ५३,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60
NEPAL PLACEMENT AGENCY PVT. LTD.
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999,
Mob: 9851002903, 9851123405, Email : info@npajobs.com, Web : www.npajobs.com

**कुवेत/युएइमा रोजगार** कम्पनी : HAIR TIME LADIES SALON CO. शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०२/२० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० LT. No. 305511 चलानी नं.६०२२०४६६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 12 | 150 | ६६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CREATIVE STYLE UNITED GENERAL TRADING GROUP CO. शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०२/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० LT. No. 305270 चलानी नं.६०२२००३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 8 | 2 | 90 | ३९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Duty Driver | 5 | 0 | 135 | ५९,५१५ | | | | | | | |
| 3 | Sales Girl / Sales Man | 5 | 15 | 135 | ५९,५१५ | | | | | | | |

कम्पनी : TECHNO VOLT ELECTROMECHANICAL WORKS शेवा शुल्कः नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८०/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० LT. No. 300522 चलानी नं. ६०२१५४६६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 5 | 0 | 1200 | ४४,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ३६,९१५ | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 1200 | ४४,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9803711605, 9802348222
Email: cv@brightfuturehrsolution.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बुधबार, ३१ वैशाख, २०८२

| | |
|---|---|
| मेष | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| वृष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| मिथुन | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| कन्या | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| धनु | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| कुम्भ | रोकिएका काम सम्पादन हुनेछ । |
| मीन | सुखद समाचारले उत्साह जगाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसुति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३१ वैशाख, २०८२ (१४, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.३० | १३६.९० |
| युरो | १ को | १५१.२७ | १५१.९४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७९.४० | १८०.१९ |
| स्विस फ्रेन्क | १ को | १६१.३७ | १६२.०८ |
| अस्ट्रेलियन डलर | १ को | ८७.१३ | ८७.५१ |
| क्यानाडियन डलर | १ को | ९७.५० | ९७.९३ |
| सिङ्गापुर डलर | १ को | १०४.३२ | १०४.७८ |
| जापानी येन | १० को | ९.२० | ९.२४ |
| चिनियाँ युआन | १ को | १८.९२ | १९.०० |
| साउदी अरब रियाल | १ को | ३६.३४ | ३६.५० |
| कतारी रियाल | १ को | ३७.३९ | ३७.५६ |
| थाई भाट | १ को | ४.०७ | ४.०९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.११ | ३७.२७ |
| मलेसियन रिङ्गेट | १ को | ३१.७२ | ३१.८६ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १३.८९ | १३.९५ |
| डेनिस क्रोनर | १ को | २०.२८ | २०.३७ |
| हङकङ डलर | १ को | १७.४९ | १७.५७ |
| कुवेती दिनार | १ को | ४४३.१८ | ४४५.१३ |
| बहराइन दिनार | १ को | ३६१.५४ | ३६३.१३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# फोहोर पानी प्रशोधन गर्न ‘ट्रिटमेण्ट प्लाण्ट’ जडान

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले केन्द्रीय कार्यालयमा फोहोर पानी प्रशोधन गर्न ‘ट्रिटमेण्ट प्लाण्ट’ जडान गरेको छ । केन्द्रीय कार्यालयमा रहेका शौचालयबाट उत्पादन भएको फोहोर पानी प्रशोधन गर्न दैनिक पाँच हजार लिटर प्रशोधन क्षमताको ट्रिटमेण्ट प्लाण्ट जडान गरिएको महानगरले जनाएको छ ।

बिजुलीबाट चल्ने यो प्रणालीमा ‘एरोबिक’ र ‘एनएरोबिक’ दुवै विधिबाट फोहोर पानी प्रशोधन हुन्छ । यसको लागत करिब २० लाख रूपैयाँ रहेको महानगरको वातावरण व्यवस्थापन विभाग प्रमुख सरिता राईले जानकारी दिइन् । उनका अनुसार यो नमूना योजना हो । यसको नतिजा हेरेर आवश्यकताको आधारमा अन्य स्थानमा पनि प्लाण्ट जडान गर्ने तयारी रहेको छ ।

‘काठमाडौंको स्वच्छताका लागि घरेलु फोहोर व्यवस्थापनसँगै तरल फोहोर व्यवस्थापन पनि उत्तिकै आवश्यक छ । सानातिना एकाइमा यसको प्रयोगलाई परीक्षण गर्ने हाम्रो योजना छ,’ विभाग प्रमुख राई भन्छिन्, ‘हाल कार्यालयबाटै परीक्षण सुरु



गरेका छौं । यहाँ ३.६० मिटर लम्बाइ, १.२० मिटर चौडाइ र १.९८ मिटर उचाइ भएको प्लाण्टभित्र चारवटा च्याम्बर रहेका छन् ।’

वरिष्ठ इञ्जिनियर निशा कोइराला पनि प्रणालीको प्राविधिक पक्ष र यसको प्रयोगबारे परीक्षणका लागि सुरुआत गरिएको बताउँछिन् । त्यस प्राविधिक पक्षबारे उनी भन्छिन्, ‘शौचालयबाट केही ठोससहितको फोहोर पानी प्लाण्टमा पुगेपछि पहिले तरल र ठोस छुट्टयाइने काम गरिन्छ । त्यसपछि एनएरोविक विधि (अक्सिजन दिनु नपर्ने विधि) बाट प्रशोधनको कार्य सुरू हुन्छ । तेस्रो चरणमा भने एरोविक (अक्सिजन दिनुपर्ने विधि) बाट, चौथो चरणमा फिल्टर र किटाणु नष्ट गर्ने कार्य गरिन्छ । यस विधिबाट तयार भएको पानी दुर्गन्धरहित हुन्छ । बोटबिरूवामा सहजै प्रयोग गर्न सकिन्छ ।’

विभागका इञ्जिनियर रामप्रसाद नेपालका अनुसार महानगरको केन्द्रीय कार्यालय प्लाजा परिसरमा ७२ वटा शौचालय छन् । हाल ४४ वटा शौचालयबाट आउने तरल पानीलाई नमूनाका रूपमा प्रशोधन गरिएको छ । यसबाट प्राप्त हुने नतिजाका आधारमा प्लाण्टको क्षमता बढाएर थप शौचालयको तरल पानी मिसाइने उनले जानकारी दिए । प्लाजामा दैनिक करिब नौ हजार लिटर पानीको प्रयोग हुने गरेको उनले बताए ।

# शताब्दीपुरूष जोशीको सालिक अनावरण



**ललितपुर (प्रस)–** वांमय शताब्दीपुरुष सत्यमोहन जोशीको १०६औं जन्मजयन्तीका अवसरमा उनको सालिक अनावरण गरिएको छ ।

ललितपुर महानगरपालिका कार्यालयपरिसरको अग्रभागमा रहेको झनाख्य मेट्रो पार्कमा निर्मित जोशीको अर्धकदको सालिक महानगरप्रमुख चिरीबाबु महर्जनले मंगलबार अनावरण गरेका हुन् । सालिक अनावरणपश्चात् महानगरप्रमुख महर्जनले स्वर्गीय जोशी मुलुककै गहना भएकाले उनको सम्मानमा जीवित छँदै उनको इच्छाअनुसार धेरै कामहरू सम्पन्न गरेको जानकारी दिए ।

‘ललितपुरको समृद्धि र सुशासनको आधार सम्पदा, संस्कृतिसहितको स्मार्ट सेवा र पूर्वाधार’ भन्ने नाराका साथ हामीले सेवाप्रवाह गरिरहेका छौं । उनले महानगरपालिकाको नागरिक भएर सेवा पुऱ्याउनुभएकामा गर्व गर्छौं । भाषा, साहित्य, संस्कृति र कला क्षेत्रमा उनले गर्नुभएको अनुरोधलाई स्वीकार गरेर धेरै काम गरेका छौं,’ उनले भने ।

महानगरप्रमुख महर्जनले जोशीको इच्छाअनुरूप उनीद्वारा लिखित ‘वैद्य बा’ चलचित्र मंगलबारदेखि लबिम मलमा प्रदर्शनमा ल्याइएको जानकारी गराए । ‘जीवितै रहँदा जनताको छोराका नाममा टकमारी, हुलाक टिकट प्रकाशन भएको पहिलो इतिहास हो, १०० वर्ष प्रवेश गर्दा विशाल जनसागरसहित बग्गीमा राखेर महानगर परिक्रमा गराएका थियौं, आगामी दिनहरूमा पनि उनको योगदानलाई उजागर गर्न वार्षिक बजेटमा समावेश गरेर अन्य कार्यक्रम गर्छौं, यसका लागि उनको घरपरिवार र यहाँका जातीय समुदायको सहयोग आवश्यक छ,’ उनले भने ।

महानगरप्रमुख महर्जनले स्व. जोशीको योगदानलाई चिरकालसम्म स्मरणीय बनाउन महानगरले कुनै कमी नगर्ने बताए । विक्रम संवत् १९७७ वैशाख ३० गते जन्मिएका जोशीको २०७९ असोज ३० गतेका दिन १०३ वर्षको उमेरमा निधन भएको थियो । ललितपुर महानगरपालिकाको अनुरोधमा जोशीले पुऱ्याएको योगदानको सम्मानमा जोशी जीवितै छँदै सरकारले उनको तस्बिर अंकित नेपाली मुद्रा, हुलाक टिकट प्रकाशित गरेको थियो ।

## जिपिएका आधारमा विद्यार्थी भर्ना गर्दै सिटिइभिटी

**चितवन–** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले ‘एसइई’मा प्राप्त गरेको ‘जिपिए’ अंकका आधारमा विद्यार्थी भर्ना गर्ने भएको छ । विगतमा प्रवेश परीक्षा लिएर सोही आधारमा विद्यार्थी भर्ना गरेकामा अबदेखि प्राप्त ‘जिपिए’का आधारमा भर्ना गर्न लागेको हो ।

सिटिइभिटीका परीक्षा नियन्त्रक उमेश मिश्रले यही शैक्षिक सत्रबाट जिपिएका आधारमा विद्यार्थी भर्ना गरिने जानकारी दिए । उनले भने, ‘अब विद्यार्थीले सिटिइभिटीअन्तर्गतका जुनसुकै विषय पढ्न प्रवेश परीक्षा दिनु पर्दैन ।’ प्रवेश परीक्षा लिइँदा विभिन्न नकारात्मक हल्ला फैलिएपछि जिपिएलाई आधार बनाएर विद्यार्थी भर्ना गर्न लागिएको उनले बताए ।

कतिपय पूर्वतयारी कक्षा चलाउनेहरूले विद्यार्थीलाई प्रवेश परीक्षा उत्तीर्ण गराउने जनाउँदै रकम लिएको गुनासोसमेत आएको जनाउँदै उनले अब यस्तो समस्या नहुने स्पष्ट पारे । सिटिइभिटीले प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्नासम्बन्धी निर्देशिका २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको हो ।

उक्त निर्देशिकामा एसइई परीक्षामा प्राप्त जिपिएका आधारमा योग्यताक्रम सूची तय गर्ने व्यवस्था गरिएको छ ।

उनका अनुसार सरकारी वा सामुदायिक विद्यालयबाट एसइई उत्तीर्णलाई थप अंकभारबापत एक र संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अंकभार बापत ०.८५ दिने व्यवस्था गरिएको छ ।

सिटिइभिटीले पढ्न चाहने विद्यार्थीका लागि अनलाइनमार्फत फारम भर्ने व्यवस्थासमेत गरेको छ । आंगिक र सम्बन्धनप्राप्त निजी क्याम्पसहरूले त्यस्ता विद्यार्थीको फाराम भर्न सहजीकरण गर्ने छन् । निजी कलेजहरूले यसअघि नै ग्रेडका आधारमा भर्ना गर्न माग गर्दै आएका थिए । देशभर ६३ आंगिक र प्रतिष्ठान एवं निजी गरी ४०० भन्दा बढी कलेज रहेका छन् । ती कलेजमा २५ हजारभन्दा बढी नयाँ विद्यार्थी हरेक वर्ष भर्ना हुने गरेको परीक्षा नियन्त्रक मिश्रले बताए । *रासस*

## बाढीपहिरोको जोखिम न्यूनीकरणका लागि ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** बर्खायाम सुरु भएसँगै देशका विभिन्न स्थानमा बाढी र पहिरोको जोखिम बढेको विषयमा सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा आकस्मिक समयमा सांसदहरूले गत वर्ष असोजमा आएको बाढीपहिरोले क्षति पुऱ्याएका संरचना अझै पुनर्निर्माण हुन नसकेकाले यस वर्ष यस्ता घटना दोहोरिन नदिन आवश्यक पूर्वतयारीमा जुट्न सरकारसँग माग गरे ।

सांसद सूर्यमान दोङले गत वर्ष असोजको बाढीपहिरोबाट भएको क्षति यकीन गर्ने, राहत तथा पुनर्स्थापना, क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माण र मर्मतमम्भारको काममा ढिलाइ भइरहेको बताए ।

त्यस्तै, बिपी राजमार्गमा अहिलेसम्म सहजरूपमा सवारीसाधन सञ्चालन हुन नसकेको विषय पनि उनले उठाए । सांसद लेखनाथ दाहालले गत वर्षको बाढीबाट क्षतिग्रस्त बिपी राजमार्ग अहिले पनि १४ स्थानमा अवरुद्ध रहेको बताए । त्यस्तै, यसै हप्ता बनेपा र पनौती क्षेत्रमा अत्यधिक वर्षा हुँदा रोशी खोलामा आएको बाढीले क्षति पुऱ्याए पनि राहत तथा उद्धारमा सरकारले ध्यान दिन नसकेको आरोप लगाए ।

### अवरुद्ध बिपी राजमार्ग १६ घण्टापछि सञ्चालनमा

अवरुद्ध बिपी राजमार्ग १६ घण्टापछि पुनः सञ्चालनमा आएको छ । सोमबार रोशी खोलामा आएको बाढीले काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-१२ माम्तीमा डाइभर्सन बगाएपछि बिपी राजमार्ग अवरुद्ध भएको थियो ।

सडक खुलेसँगै मंगलबार दिउँसोदेखि यातायातका सम्पूर्ण साधन दुईतर्फी चल्न थालेका प्रहरी नायव उपरीक्षक मिनबहादुर घलेले जानकारी दिए । रोशी खोलामा बाढी आएपछि सोमबार रातिदेखि सडक अवरुद्ध भएको हो ।

सडक डिभिजन कार्यालय भक्तपुरको पहलमा प्रहरी र स्थानीयको सहयोगमा अवरुद्ध सडक खुलाइएको सडक डिभिजन कार्यालय भक्तपुरका कर्मचारी चन्द्रबहादुर लामाले बताए । यसअघि गत वर्ष असोज १० देखि १२ गतेसम्म रोशी खोलामा आएको बाढीले बिपी राजमार्गको विभिन्न ठाउँमा क्षति पुगेको थियो । त्यसपछि सडक डिभिजन कार्यालयले खोलाको किनारै किनार भएर अस्थायी डाइभर्सन बनाएर यातायात सञ्चालन गरेको थियो ।


**सच्याइएको**

२०८२ वैशाख ३० गते प्रकाशित यस प्रभाव दैनिकको वर्ष १२ अंक २० मा प्रकाशित **सिंचाई तथा नदी व्यवस्थापन आयोजना पाटन, बैतडीद्वारा** प्रकाशित गरिएको **आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचनामा** मिति २०८१/१२/१४ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना IFB No.: IRMPBaitadi -NCB-Works-DarchulaMarmati-04-081/82 हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित गरिएको सूचना २०८२/०१/३१

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. ३३७७८९/८०/८१, को साविक **एस.होटल प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ होटल्स एण्ड रिसोर्ट्स प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८२/०१/१७ गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिद्धार्थ होटल्स एण्ड रिसोर्ट्स प्रा. लि.**
का.म.न.पा. ३२, कोटेश्वर, काठमाडौं, नेपाल

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/२१ मा दर्ता भएको **प्रा.लि. नं. २२०६६३/०७६/०७७** को **परेश रियल स्टेट एण्ड डेभलपर्स प्रा. लि.** को मिति २०८१/१२/२३ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०५/१७ मा दर्ता भएको प्रा.लि नं. (३१८५५३/०८०/०८१ को **बुकवाङ सोलार ईन्टरनेशनल प्रा.लि** लाई खारेजी (लिक्विडेशन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८२/ ०१ / ३० गतेको विशेष साधरण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएको तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटरः रमेशहरी अधिकारी (इजाजत प्रमाण पत्र नं ५४७)**
**सम्पर्क** : ९८४२६३८३६७

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/२४ मा दर्ता भएको **प्रा.लि. नं. २१४५३७/०७५/०७६** को **दिव्य आयुर्वेद प्रा.लि.** को मिति २०८२/०१/२२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, त्रिपुरेश्वर, काठमाडौं, ९८४१८६१६३०**

**डिभिजन वन कार्यालय**
**वीरगन्ज, पर्सा**

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

**मितिः २०८२/०१/३१**

यस कार्यालयको ठेक्का नं. DFOP/NCB/WORKS/2081/082-01 को मिति २०८१/१२/२५ गतेका दिन ‘प्रभाव दैनिक पत्रिका’ मा प्रकाशित सूचना बमोजिम E-bidding मार्फत पेश भएका बोलपत्रहरूको मूल्यांकन गर्दा तपसिलको बोलपत्रदाताको न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सो बोलपत्र स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ९८ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

| बोलपत्रदाता फर्मको नाम र ठेगाना | रकम भ्याट सहित अंकमा रू. | स्वीकृत कबोल अंक अक्षरमा |
|---|---|---|
| श्री पहल कन्स्ट्रक्सन, वीरगन्ज-१३, पर्सा | ५९,७५,३१३.८६ | उनान्साठी लाख पचहत्तर हजार तीन सय तेह्र रूपैँया र छयासी पैसामात्र |

**डिभिजनल वन अधिकृत**

**मलेसियामा रोजगार** कम्पनी : Double Three Security Svs Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323517 | चलानी नं. ६०२३७६५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 79 | 0 | 1700 | ५३,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ११ र १२ गते (25 & 26 May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५८८/०७९/८०

BORDER CROSS HUMAN RESOURCE PVT. LTD.
Kathmandu- 16, Balaju, Nepal, +977-15915383
Email: bordercross1588@gmail.com | info@bordercross.com.np, Website: www.bordercross.com.np

**युएइमा रोजगार** कम्पनी : Allwin Technical Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 312450 | चलानी नं.६०२१७३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steal Fixer | 2 | 0 | 1200 | ६५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** कम्पनी : Atlal Al Jazeera Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323700 | चलानी नं. ६०२३३२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 4 | 0 | 1000 | ४३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd. श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np

**युएइमा रोजगार** कम्पनी : Kawader International For Employment Services Llc

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 316177 | चलानी नं.६०२३०४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 35 | 0 | 900 | ३३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 35 | 0 | 1200 | ४४,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851196634, 9867835681, 9814462098, 9841777604, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

**JAHADA RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**MORANG , KOSHI PROVINCE, NEPAL**

**Re-Invitation For E-Bid**

**Date of Publication: 31th Baisakh, 2082**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (With VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/SQ/081/082/26 | Judi Khola Truss Bridge Marmat Karya, Jahada- 3 | Rs. 15,23,706.85 | 1,000.00 | - | 12:00 PM on 2082/02/15. | 2:00 PM on 2082/02/15. | 39,000.00 |

2. The details of the project is as follows :
For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## पर्वतारोहण क्षेत्रको जोखिम न्यूनीकरणमा ध्यान देऊ

**विभिन्न हिमाल आरोहणका लागि यतिखेर आरोहीहरू सम्बन्धित हिमालतर्फ लागिसकेका छन् । वसन्त ऋतुमा सगरमाथासहितका हिमाल आरोहणको तयारीमा रहेका विदेशी तथा स्वदेशी आरोहीहरू उपयुक्त मौसमको प्रतीक्षामा छन् । पर्यटन विभागका अनुसार सोमबार मौसम प्रतिकूल बन्दा सगरमाथा, कञ्चनजंघलगायत हिमालको आरोहण प्रभावित भएको छ । सगरमाथामा तीव्र गतिको हावाका कारण आरोहण प्रभावित भएको हो । आरोहणको तयारीमा रहेकाहरू मौसम प्रतिकूलताका कारण सुरक्षित स्थलतर्फ फर्किएका छन् । मौसमका कारण कतिपय आरोहरण योजना रद्द भइसकेका छन् ।**

**विभागका अनुसार मौसमले साथ दिए मे १८ तारिखदेखि सगरमाथा आरोहण हुने छ । सगरमाथा आरोहण व्यवस्थापनको जिम्मेवारी पाएको एटके एक्सपिडिसनका अनुसार मे ११ देखि १४ तारिखसम्म सर्वाधिक संख्यामा आरोही चुचुरोमा पुग्ने सम्भावना थियो । मे १२ देखि १५ सम्म 'समिट विन्डो' रहेको थियो । मे १६ र १७ मा हिमपात हुने अनुमान गरिएको थियो । तर पाँच दिन अगाडि नै सगरमाथा क्षेत्रको मौसम बिग्रिएर आरोहण अवरुद्ध भएको हो ।**

**हालसम्म सगरमाथाको चुचुरोसम्म डोरी टाँग्नेसहित चार समूहका आरोहीले मात्रै सगरमाथा आरोहण गरेका छन् । वसन्त ऋतुको सगरमाथा आरोहण यही वैशाख २६ गतेदेखि सुरु भएको हो । मे १० तारिखमा दावा फुञ्जो शेर्पा र फुर्साङ शेर्पाले सगरमाथा आरोहण गरे । मे ११ मा बेलायतका आरोही मिचेल लियोनार्ड डाक्रेले आरोहण गरे । नेपालबाट ग्याल्जे शेर्पा, फुरी शेर्पा र आङ पेम्बा शेर्पाले सगरमाथा आरोहण गरेका छन् । त्यस्तै इक्वेडरका पेट्रिसियो एरेभालोले पनि सोही दिन आरोहण गरे । मे ११ तारिखकै दिन दावा फुञ्जो शेर्पाले ल्होत्से हिमालको पनि आरोहण गरे ।**

**यो याममा सर्वोच्च शिखर सगरमाथासहित २६ हिमाल आरोहणका लागि ११९ आरोही समूहका २४० महिला र ८८७ पुरुष गरी कूल एक हजार १२७ जनाले आरोहण अनुमति लिएको तथ्यांक छ । सबैभन्दा बढी सगरमाथा आरोहणमा ४५ आरोही समूहका ८४ महिला र ३७२ पुरुष गरी कूल ४५६ आरोहीले आरोहण अनुमति लिएका छन् । हिमाल आरोहण नेपालको पर्यटनको प्रमुख आकर्षण हो । हजारौं विदेशी नागरिक प्रत्येक सिजनमा नेपालका विभिन्न हिमाल आरोहण गर्न आउने गर्छन् । यसबाट मुलुकमा प्रशस्त विदेशी मुद्रा भित्रिने गरेको छ । विदेशीमात्रै नभई नेपालीहरू पनि सगरमाथालगायत हिमाल आरोहण गरी विभिन्न कीर्तिमान बनाउने क्रम बढ्दो छ । यसले गर्दा हिमाल आरोहण गर्ने सिजनमा त्यस क्षेत्रमा ठूलो भीडभाड हुने गर्दछ ।**

**हिमाल आरोहण आफैंमा जोखिमपूर्ण कार्य हो । जोखिम मोलेर नै आरोहीहरू चुचुरोमा पुग्ने लक्ष्य राख्छन् । तर, केहीले मात्रै लक्ष्य पूरा गर्छन् । पछिल्लो समय कीर्तिमान बनाउने नाममा जो पनि सगरमाथा आरोहणमा जाने गरेको पाइन्छ । त्यसरी कीर्तिमानको होडमा लाग्नु राम्रो होइन । जसरी पनि आरोहण गर्ने र गराउने विकृति पनि बढेको सरोकारवालाहरूको गुनासो छ । यसले मुलुकको आरोहण क्षेत्रलाई नकारात्मक असर पुऱ्याउनेतर्फ सरकारको ध्यान जानुपर्छ । जथाभावी आरोहण अनुमति दिने काम बन्द गर्नुपर्छ । अनि आरोहणमा गएकाहरूलाई पनि मौसमी अवस्थाको ख्याल गरेरमात्र जान अनुमति दिने गर्नु अनिवार्य छ । अन्यथा मानवीय क्षति त हुन्छ नै यसले विश्वमाझ नराम्रो सन्देश पुऱ्याउँछ । यसतर्फ ख्याल गरौं र मुलुकको पर्वतारोहण क्षेत्रलाई सुरक्षित बनाउन ध्यान दिऔं ।**

# जलवायुजन्य संकट समाधानको खोजी



■ डा. धर्मराज उप्रेती

> नेपालमात्रै जलवायु परिवर्तनको असरले प्रभावित भएको मुलुक होइन, अन्य देश पनि छन् । ती अन्य मुलुकको पनि एकखालको संयन्त्र बनाउँदा नेपाललगायतका पर्वतीय देशको एउटा संयन्त्र हुन सक्छ । त्यो संयन्त्रबाट साझा समस्या लिएर कोपजस्ता अन्तर्राष्ट्रिय मञ्चमा छलफलका लागि 'एजेण्डा' बनाउन सकिन्छ । यस्ता संयन्त्र स्थापनाका लागि पनि सगरमाथा संवादले सहयोग गर्न सक्छ ।

नेपालले आगामी जेठ २ गतेदेखि ४ गतेसम्म सगरमाथा संवादको आयोजना गर्दै छ । यो संवादमा विशेषगरी जलवायुजन्य संकटको विषयमा छलफल गर्ने र एउटा निचोड निकाल्ने छ । निचोड निकालेपछि निचोडअनुसार योजना बनाउन सहयोग गर्छ । अनि निचोडले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन सहयोग गर्छ । छलफलले नीति तर्जुमा देखिएको अन्तर र कस्तो खालको अवसर रहेछ ? र कस्ता खालका चुनौती रहेछ भन्ने कुरा जानकारी पनि हुन्छ । नेपालले पहिलो खालको सुरुआत गरेको छ । एकदमै सकारात्मक छ । यसअघि पनि सगरमाथा संवाद आयोजना गर्ने तयारी भए पनि विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका कारण संवाद आयोजना हुन सकिरहेको थिएन । ढिलै भए पनि संवादको थालनी भएको छ । यो एकदमै राम्रो छ ।

सगरमाथा संवाद कस्तो बेलामा भएको छ भने तेस्रो राष्ट्रिय निर्धारित योगदान (तेस्रो एनडिसी) बनाइरहेका छौं । विश्वको धेरै मुलुकले एनडिसी बनाएर संयुक्त राष्ट्रसंघको महासन्धीमा बुझाउँदै छन् । त्यतिबेला यो संवाद हुँदाको फाइदा के हुन्छ भने नेपालको भूगोल, अन्य देशको भूगोलभन्दा फरक छ । त्यो फरक भूगोल भएको मुलुक भएको हुनाले हामीसँग हिमाल पनि छ । हामीसँग पर्वतीय शृंखला पनि छन् । हामीसँग पहाड छन् । हामीसँग चुरे, समथर तराई र मधेसका भूमि छन् । तीनै क्षेत्रको फरक-फरक खालको हावापानी र भू-वनावट पनि छ । ती फरक-फरक भू-वनोट हुनुको अर्थ के हो भने ती क्षेत्रमा जलवायु परिवर्तनको असर पनि फरक-फरक किसिमले परिरहेको छ ।

जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको असरलाई हेर्ने हो भने कतिपय मानिस जलवायुजन्य संकटका कारणले गर्दा बसाइँसराइ गरिहरनुपरेको छ । बसाइँसराइ गर्नुको कारण भनेको जलवायु परिवर्तनको असरका कारण उत्पादकत्व भएन । अनि ती पर्वतीय क्षेत्रमा मानिसलाई बाँच्नका लागि आधार धेरै भएन । त्यसपछि जंगल र जडीबुटीको पनि लोभ हुँदै गइरहेको अवस्था आयो । र, रैथाने किसिमका खेती प्रणाली छन् तिनीहरू पनि लोप हुँदै गइरहेको अवस्था आयो । त्यसपछि अवसरको खोजीमा मानिस सहर केन्द्रित हुने तथा तेस्रो मुलुकमा रोजगारीको खोजीमा जाने क्रम बढ्न थाल्यो ।

कृषि क्षेत्रमा माटो सुहाउँदो जलवायुका योजना बनाएनौं भनेपछि यो अवस्था थप भयावह हुने र धेरै नै बसाइँसराइ सहर केन्द्रित हुने अवस्था आउने छ । तसर्थ, पर्वतीय क्षेत्रमा भएको कृषि तन्त्रलाई त्यहाँको जडीबुटी तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापन गर्नका लागि र जलवायु अनुकूलित बनाउनका लागि अपनाउने उपायका लागि पनि हामीलाई ठूलो लगानीको आवश्यकता पर्छ । सो लगानी नेपालको आफ्नै प्रयासले जुटाउन सम्भव छैन । यसमा धनी मुलुकबाट नै जोहो गर्नुपर्ने अवस्था छ । यसका लागि सगरमाथा संवादले धनी मुलुकको ध्यानाकर्षण गराउने प्रयास गर्छ ।

पर्वतीय क्षेत्रको पारिस्थितीकीय प्रणालीमा असर गरिरहेको हुन्छ । पर्वतीय क्षेत्रको रूपमा माथिल्लोतटीय क्षेत्रलाई मात्र लिएर हुँदैन । तल्लो तटीय क्षेत्रलाई पनि लिनुपर्छ । माथिल्लो तटीय क्षेत्रमा हुने हिमताल विष्फोटजस्ता जलवायुजन्य विपद्का घटनाले तल्लो तटीय क्षेत्रलाई पनि असर पुऱ्याइरहेको हुन्छ । यस्ता विपद्ले तल्लो तटीय क्षेत्रमा आगामी १०/२० वर्षमा कस्तो खालको असर पुग्न सक्छ ? भनेर वैज्ञानिक अनुसन्धान पनि ठाउँ-ठाउँमा भइरहेको अवस्था छ । अहिलेसम्म भएका प्रमाण पनि अन्तर्राष्ट्रियकरण गर्न जरुरी छ ।

अन्तर्राष्ट्रियकरण नगरी हामी चुप बस्यौं भने धनी मुलुकहरूले सहयोग जुन तरिकाले कटौती गर्दै लगिरहेका छन्, यसमा अझै थप कटौती गर्न सक्छन् । नेपालजस्ता मुलुकमा जलवायु परिवर्तनको क्षेत्रमा लगानी कटौती गर्दा यसको अझै नकारात्मक परिणाम हामीले खेप्नुपर्छ । हाम्रो कारणले जलवायु परिवर्तन भएको होइन, धनी तथा औद्योगिक मुलुकका कारण भएको जलवायु परिवर्तनको असर हामीले भोगिराख्नुपरेको छ । नेपालजस्ता मुलुकमा लगानी बढाउनुको सट्टा लगानी घटाउँदै लैजाने अवस्थालाई चुनौती दिन पनि सगरमाथा संवादले भूमिका खेल्न सक्छ ।

विषम् मौसमी परिस्थितिका कारण सबैभन्दा बढी असर हाम्रो ऊर्जा क्षेत्रमा पनि परेको छ । मनसुनको समयमा जलविद्युत्का परियोजनामा बाढीका कारण परियोजनाका भौतिक संरचनामा असर पुगेको हुन्छ । परियोजनासम्म पुग्ने बाटो पनि बिग्रिने र मर्मतलाई आवश्यक पर्ने सामग्री पनि लैजान गाह्रो हुन्छ । काम गर्न बसेका मजदुरलाई पनि बाढीले बागाएको घटना छन् । यी र यस्ता जोखिमलाई पनि मध्यनजर गर्ने हो भने र पानीको बहाबमा आएको कमीलाई पनि हेर्ने हो भने ऊर्जा क्षेत्रले पनि जलवायुजन्य संकटको सामना धेरै गरिरहेको छ । ऊर्जा क्षेत्रलाई पनि कसरी उत्थानशील बनाउने भनेर सरोकारवालाले छलफल गरिरहेका छन् । यो छलफलको निचोड पनि अन्तर्राष्ट्रिय समुदायलाई सुनाउने र अन्तर्राष्ट्रिय समुदायबाट पनि असल अभ्यास के भइरहेका छन् भनेर सिक्ने अवसर पनि सगरमाथा संवादले दिने छ ।

सडक, पुल, अस्पतालजस्ता भौतिक संरचना हामीले बनाउँदै छौं । ती कति संरचना त जलवायुजन्य जोखिममा छन् । कतिपय संरचना नदी किनारमा छन् । गत वर्ष नख्खु खोलामा गएको बाढीका कारण ललितपुरस्थित मेडिसिटी अस्पतालमा करोडौंको क्षति भयो । विषम् मौसमी परिस्थितिका कारण सामान्यतया ७७ वर्षमा एकपटक आउने बाढी ५७ वर्षमा एकपटक आउने बाढीले गर्दा बनाएका भौतिक संरचनामा क्षति भएको छ । ती क्षतिलाई पनि अन्तर्राष्ट्रियकरण गर्ने, पुनर्निर्माण र पुनर्स्थापनाका लागि पनि ठूलो लगानी आवश्यक पर्छ । लगानीका लागि अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्नका लागि पनि सगरमाथा संवादले सहयोग गर्छ ।

नेपालमात्रै जलवायु परिवर्तनको असरले प्रभावित भएको मुलुक होइन, अन्य देश पनि छन् । ती अन्य मुलुकको पनि एकखालको संयन्त्र बनाउँदा नेपाललगायतका पर्वतीय देशको एउटा संयन्त्र हुन सक्छ । त्यो संयन्त्रबाट साझा समस्या लिएर कोपजस्ता अन्तर्राष्ट्रिय मञ्चमा छलफलका लागि 'एजेण्डा' बनाउन सकिन्छ । यस्ता संयन्त्र स्थापनाका लागि पनि सगरमाथा संवादले सहयोग गर्न सक्छ ।

दिगो विकासका लक्ष्य हासिल गर्नका लागि अब हामीसँग समय पाँच वर्षमात्रै बाँकी छ । पाँच वर्षमा दिगो विकासका लक्ष्य हासिल गर्नका लागि लगानी आवश्यक छ । खाद्यसुरक्षामा हामी काम गरिरहेका छौं । तर जलवायु परिवर्तनको असर कृषि क्षेत्रमा पर्दा त त्यो दिगो विकासको लक्ष्य हासिल गर्न सक्दैनौं । पारिस्थितीकीय प्रणालीमा हामीले लगानी गरिरहँदा त्यही स्थानमा पहिरो गएर हुने जोखिमलाई कसरी क्षतिपूर्ति लिने भन्ने कुरा हामीसँग केही पनि छैन । हानि नोक्सानीका जति पनि घटना छन् । त्यसलाई क्षतिपूर्ति गर्नका लागि अन्तर्राष्ट्रिय हानि नोक्सानी कोष स्थापना भएको छ । त्यो कोषबाट नेपालले बढीभन्दा बढी फाइदा लिन सक्नुपर्छ । त्यो रकममा सहज पहुँच स्थापित गर्नका लागि पनि सगरमाथा संवादलाई अगाडि बढाउनु जरुरी थियो । सगरमाथा संवादलाई विश्वको ध्यानाकर्षण गराउने अवसरका रूपमा लिन सकिन्छ ।

यस सगरमाथा संवादमा धेरै देशका मन्त्री, उच्च सरकारी अधिकारी, विज्ञ, दातृ निकायका प्रमुखलगायतका व्याक्तित्वहरू भाग लिन आउँदै छन् । यसले नेपालले भोगका जलवायु परिवर्तनले भोगेका असरलाई कसरी उनीहरूले आफ्नो देशसँग जाँच्छन् र नेपालको अवस्था हेरेर आफ्नो मुलुक पनि जलवायु संकटमा छ भन्लान् । कतिपय कुराहरू उनीहरूले हामीबाट सिक्छन् । जसरी बाढीसम्बन्धी पूर्वसूचना प्रणालीको विकास भएको छ । बाढीसम्बन्धी पूर्वसूचना समुदायसम्म पुग्ने एउटा संयन्त्र हामीले बनाएका छौं । अन्य मुलुकले यसबाट सिक्न सक्छन् । हाम्रा असल अभ्यासलाई पनि हामीले अन्तर्राष्ट्रियकरण गर्ने, अन्तर्राष्ट्रियस्तरमा भएका असर अभ्यासलाई पनि हामीले नेपालीकरण गर्ने अवसर पनि संवादले दिन्छ ।

चार चर्षमा देखिएका विषम जलवायुजन्य घटनालाई निहाल्ने हो भने सन् २०२१ मा कञ्चनपुरमा आएको बाढी, मेलम्चीमा सन् २०२१ मा नै आएको बाढी, मनाङको उच्च हिमाली क्षेत्रमा २०२२ र २०२३ मा आएको बाढी, सोलुखुम्बुस्थित थामेमा सन् २०२४ मा आएको हिमपहिरो, सान् २०२४ मा नै रोशी खोलामा आएको बाढीले उपत्यकामा पुऱ्याएको क्षतिलाई नियाल्ने हो भने पनि नेपाल विषम् जलवायुजन्य घटनाको केन्द्र बन्दै आएको छ । जलवायुजन्य घटना मानव सिर्जितमात्रै होइन । मानव सिर्जितको जिम्मा नेपालले लिन्छ । तर विषम् मौसमीजन्य घटनाहरूको जिम्मा अन्तर्राष्ट्रिय समुदायले लिनुपर्छ भनेर पैरवी गर्नुपर्छ । त्यो पैरवीमा नेपाल सरकार, विज्ञ, निजी क्षेत्र, नागरिक समाज सबैको सहयोग तथा भूमिका पनि यसमा आवश्यक छ ।

नेपालले उठाउने भनेकै जलवायु न्याय हो । सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकको समूह (एलडिसी)बाट स्तरोउन्नति हुँदै छ । यस्तो अवस्थामा एलडिसीको सहयोग नपाउन सक्छ । हिमाल पग्लनुमा हाम्रो दोष छैन, हिमताल विष्फोटले ल्याउने बसाइँसराइका घटना हाम्रो वशमा छैन । यस्तो अवस्थामा जलवायु न्यायको दृष्टिकोटबाट अन्तर ाष्ट्रिय समुदायले सहयोग गर्नैपर्छ । हात झिक्ने होइन हात बढाउनुपर्छ ।

*(जलवायु तथा विपद् व्यवस्थापनविद् डा. उप्रेतीसँग राससले गरेको कुराकानीमा आधारित)*

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।

# गाउँगाउँमा रोजगारी दिने कार्यक्रम ल्याउनुपर्छ



■ रञ्जिता श्रेष्ठ

सरकारले ल्याएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमले महिलाको विषयमा केही कुरा छुटाएको हो कि भन्ने लागेको छ । यद्यपि छिटफुटमा केही कतै समावेश भने गरेको छ । त्यसबाहेक युवालाई स्वदेशमै रोक्न पनि उत्तिकै जरुरी रहेकाले त्यसका लागि पनि प्रभावकारी नीति आवश्यक छ । यसका लागि सरकारले स्पष्ट दृष्टिकोण राख्नुपर्छ ।

हामीले संघीय सरकार भन्छौं तर त्यसअनुसार काम गर्न सकेका छैनौं । हामीले गाउँगाउँमा रोजगारी दिन सकेका छैनौं । गाउँका मानिसजति सहर केन्द्रित भएका छन् वा विदेश गएका छन् । अहिलेको आश्यकता विद्यालयस्तरबाटै सीपमूलक शिक्षा दिनु हो । सरकारले एक गाउँ, एक उद्योग सञ्चालन गर्नुपर्छ । त्यसो गरियो भने युवा पलायन पनि हुँदैन र सहर केन्द्रित बसाइँसराइ पनि हुँदैन ।

वास्तवमा जनताले राजसंस्था चाहेको होइन । अहिलेका राजनीतिक पार्टी र सरकारप्रतिको असन्तुष्टि राजसंस्थाको पक्षमा रहेकोजस्तो देखिएको मात्रै हो । सरकारले जनतालाई रोजगारी, सुशासन, स्वास्थ्य सेवा, राम्रो शिक्षा दियो भने सडकमा कोही पनि आउनुपर्दैन । तर राजनीतिक दलहरूले आफूलाई समीक्षा गर्दै देश र जनताको पक्षमा काम नगर्ने हो भने व्यवस्था परिवर्तन हुँदैन भन्न सकिँदैन । सुशासनको निम्ति सरकारले भ्रष्टाचारमा लागेको व्यक्तिलाई ढाकछोप गर्नुहुँदैन । प्रधानमन्त्री, मन्त्रीहरू र कर्मचारीले अब नतिजामुखी, जनतालाई पत्यक्ष लाभ हुनेगरी काम गर्नुपर्छ । सरकारले युवालाई आकर्षण गर्ने नीति ल्याउनुपर्छ । बैंकले पनि युवालाई व्यवसाय सञ्चालन गर्न विनाधितो ऋण दिने व्यवस्था गर्नुपर्छ । त्यसका लागि सरकारले पहल गर्न आवश्यक छ ।

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यको हरेक निकायमा हुने नियुक्तिमा पारदर्शीता हुनुपर्छ । निष्पक्ष र जनमुखी नियुक्ति हुनुपर्ने हो, तर भएको पाउन सकेका छैनौं । संवैधानिक निकायको नियुक्ति पारदर्शी हुनुपर्छ । हाम्रोमा संघीय, प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकार छ । तर संघीयता अझै पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । संघले प्रदेशलाई दिनुपर्ने अधिकार दिएको छैन । प्रदेश सरकारलाई आवश्यक पर्ने शिक्षा ऐन, निजामती ऐन र प्रहरीसम्बन्धी ऐन ल्याउन ढिला भइरहेको छ । संविधान संशोधन गरेर प्रदेश र स्थानीय तहको अधिकारको सवालमा थप स्पष्ट गर्नुपर्छ । दलित, आदिवासी जनजाति, महिला, मधेसी र थारुलगायत समाजबाट पछाडि पारिएको समुदायको सवालमा समान अधिकारको व्यवस्था गरी व्यावहारिकरूपमै कार्यान्वयन गर्नुपर्छ । यी समुदायको कतिपय अधिकार संविधानमा उल्लेख छ । तर व्यवहारमा कार्यान्वयन छैन । महिला अधिकार र लैंगिक समानता पनि हुन जरुरी छ ।

महिलाको सवालमा व्यवस्थापिका-संसद्मा सहभागिताको कार्यान्वयन भएको छ । संसद्मा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने संवैधानिक अधिकार कार्यान्वयन भएको छ । तर महिलासँग जोडिएका अन्य अधिकार सुनिश्चित भएको छैन । सबै ठाउँमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । यो हरेक राजनीतिक पार्टीभित्र पनि हुनुपर्छ । सरकारमा हुनुपर्छ । न्यायालयमा पनि हुनुपर्छ । महिलालाई आरक्षणमा होइन, समान अधिकार स्थापित गर्नका लागि प्रत्यक्षमा निर्वाचनमा टिकट दिनुपर्छ । स्थानीय तहमा महिलाको सहभागिता छ । तर उपाध्यक्ष, उपमेयर र सदस्यमा सीमित छन् । कार्यकारी र निर्णायक पदमा महिला पुग्न नसकेको अवस्था छ । त्यसकारण अनिवार्य ५० प्रतिशत लागू गर्नुपर्छ ।

संघीयतालाई अझै सुदृढ बनाउन पहिलो कुरा प्रदेश र स्थानीय तहको अधिकारको सम्बन्धमा संविधानमा स्पष्ट हुन जरुरी छ । तीन तहको सरकारको साझा अधिकारको सवालमा पनि स्पष्ट हुनुपर्छ । प्रदेश र स्थीय सरकारलाई कर उठाउने अधिकार दिनुपर्छ । राजस्व बाँडफाँटमा मापदण्ड बनाएर पारदर्शी बनाउनुपर्छ । संघीयतालाई बलियो बनाउन मुख्य कुरा तीन तहको सरकारबीच समन्वय, सहकार्य र सहयोगको आवश्यकता छ ।

संविधान निर्माण भएको लगभग १० वर्ष हुन लागेको छ । तर यो १० वर्षको समीक्षा गर्दा प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । संविधानमा उल्लिखित जनताका सामान्य गाँस, बास, कपासको समस्या पनि समाधान हुन सकेको छैन जस्तो लाग्छ । संविधानमा उल्लिखित जनताका आधारभूत अधिकार पनि कार्यान्वयन हुन सकेको छैन । अहिले पनि कतिपय जनतासँग जमिन छ, तर लालपुर्जा छैन । कतिपय जनताको हातमा लालपुर्जा छ, तर जमिन छैन । संविधानमा थारु समुदायका केही सवाललाई सम्बोधन गरिएको छ । तर, जति हुनुपर्ने थियो त्यति भएको छैन । संविधानमा उल्लेख थारु समुदायको अधिकारको व्यावहारिक रूपमा कार्यान्वयन हुन सकेको छैन । नयाँ संविधान संशोधनको विषय पनि उठिरहेको छ । त्यतिबेला थारु समुदायको थप अधिकार समावेश गर्नका लागि हाम्रो पार्टीले सक्दो पहल गर्ने छ ।

निर्वाचनको समयमा हाम्रो पार्टीले २०७२ सालको कैलाली घटनाका क्रममा जेल परेका व्यक्तिलाई जेलमुक्त गर्छौं भनेका थियौं । जुन कुरा पूरा भएको छ । मैले कैलालीबाट निर्वाचनमा भाग लिँदै गर्दा जनतासामु गरेका केही प्रतिबद्धता सकेसम्म पूरा गरेकी छु । कतिपय अझै पूरा हुने क्रममा छन् । मैले चुनावको समयमा गर्छु भनेको बाटो निर्माण, पुल निर्माणको काम पूरा गरेकी छु ।

पछिल्लो समय जनमत पार्टी र हाम्रो नागरिक उन्मुक्ति पार्टीबीच एकता गर्ने भनिएर एकता घोषणा कार्यक्रमको आयोजना गरिएको थियो । त्यो दिन एकता बिथोलियो । जनमत पार्टीका अध्यक्ष पार्टीको कामले अहिले जिल्ला बाहिर हुनुहुन्छ । उहाँ काठमाडौं आएलगत्तै एकता प्रक्रिया आगाडि बढाउने कुरा भएको छ ।

*(नागरिक उन्मुक्ति पार्टीकी अध्यक्षसमेत रहेकी प्रतिनिधिसभा सदस्य श्रेष्ठसँग रासले गरेको कुराकानीमा आधारित)*

# ट्र्याक खुलेको १५ वर्षपछि स्तरोन्नति



**म्याग्दी-** बेनी नगरपालिका-९ नेप्टेचौरबाट काउरा-गिठीनी-आखेत हुँदै वडा नं १० पाल्लेखेत जोड्ने सडक ट्र्याक खुलेको १५ वर्षपछि स्तरोन्नति भएको छ । बेनी-पाखापानी सडकको नेप्टेचौर-पाल्लेखेत खण्डको वैकल्पिक छोटो दूरीको २०६७/६८ सालमा ट्र्याक खुलेको यो सडक सामान्य मर्मत गरेर यातायात सञ्चालन हुँदै आएको थियो । बेनी-पाखापानी म्याग्दीको प्राथमिकताप्राप्त र रणनीतिक महत्त्वको सडक योजना हो ।

चालु आर्थिक वर्ष २०८१/८२ मा बेनी नगरपालिकाले सञ्चालन गरेको बेनी-अर्थुंगे-तोरीपानी-पाखापानी सडक योजनामार्फत प्रवेशबिन्दु, रातोपहिरो, नेप्टेचौर, काउरा, आरते, गिठीनी र आखेत क्षेत्रको अप्ठ्यारो गाउँमा सडक फराकिलो पार्ने, ग्याबियन पर्खाल, नाली र ढलान गरेर स्तरोन्नति भएको हो । सडक स्तरोन्नति भएपछि यात्रा सहज भएको बेनी नगरपालिका-९ काउराका विनोद चोखालले बताए । 'नेप्टेचौरबाट तोरीपानी-ओखले-पाल्लेखेतहुँदै झिँ जोड्ने मूल सडक घुमाउरो भएपछि १५ वर्षअघि छोटो दूरीको वैकल्पिक सडक निर्माण भए पनि प्राथमिकतामा परेको थिएन,' उनले भने, 'स्तरोन्नति भएको ठाउँमा यसअघि साँघुरो सडक थियो । ग्रेड तथा घुम्ती मिलेको थिएन ।'

ढलान गरेपछि सडकमा यात्रा गर्न सहज भएको चोखालले बताए । बेनी नगरपालिकाको प्राविधिक शाखाका प्राविधिक मिलन केसीका अनुसार विभिन्न ठाउँमा ९०८ मिटर सडकलाई भित्ता काट्ने, पहिरो पन्छाएर फराकिलो पार्ने, टेवा पर्खाल, नाली निर्माण र ढलान भएको छ । तीन करोड रूपैयाँ बजेट विनियोजन भएको योजना कार्यान्वयन गर्न २०८१ पुस १९ गते दुई करोड नौ लाख रूपैयाँमा विकेश-दुप्चेश्वर-शुभम् जेभीले ठेक्का सम्झौता गरेको थियो । २०८२ असार २५ गतेसम्म ठेक्काको म्याद भएको योजना तीन महिनाअघि नै सम्पन्न भएको हो ।

निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले सम्झौतालगत्तै पर्याप्त मजदुर र उपकरण परिचालन तथा निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यअघि नै योजना निर्माण गरेको बताए । बजेट अभाव, आर्थिक संकट, निर्माण सामग्रीको मूल्यवृद्धि, सामाजिकलगायत समस्या देखाएर धेरै आयोजनामा ढिलासुस्ती भइरहेको छ । पहिलो चरणको ठेक्काबाट बचेको २० लाख रूपैयाँ बजेटबराबरको थप काम गर्न अर्को ठेक्का लगाएर काम थालिएको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताए । आव २०८१/८२ मा बेनी नगरपालिकाले सबैभन्दा धेरै बजेट यही योजनामा विनियोजन गरेको थियो ।

बेनी-पाखापानी सडकको बेनीबाट अर्थुंगेहुँदै किराखोरसम्म नगरपालिकामार्फत करिब छ किलोमिटर ढलान र कालोपत्र भएको छ । किराखोरबाट नेप्टचौर हुँदै तोरीपानीको गलेश्वर माविसम्मको चार किलोमिटर सडक स्तरोन्नतिका लागि प्रदेश सरकारको बजेटमा पूर्वाधार विकासका कार्यालयले गत वर्षदेखि आयोजना सञ्चालन गरेको छ । प्रदेश सरकारले मुख्य सडक स्तरोन्नति गर्न आयोजना सञ्चालन गरेकाले नगरपालिकाले वैकल्पिक सडक स्तरोन्नतिको काम थालेको नगरप्रमुख सुरत केसीले बताए । *रासस*



**चण्डेश्वरी जात्रा** | **बनेपा (काभ्रे)को प्रसिद्ध जात्रा चण्डेश्वरीको मंगलबार जात्रा गरिँदै । स्वांया पुन्ही (बुद्ध पूर्णीमा)को दिनदेखि तीन दिनसम्म चण्डेश्वरी मन्दिरदेखि बनेपा तीनधारालगायतका क्षेत्रमा जात्रा गर्ने गरिन्छ ।** *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# शेर्पा भाषामा बौद्ध शिक्षा पठनपाठन सुरू

**ओखलढुंगा (प्रस)-** यहाँको सिद्धिचरण नगरपालिका-७ स्थित संयुक्त आधारभूत विद्यालय घुन्सामा शेर्पा भाषामा पठनपाठन सुरु गरिएको छ । सम्भोटा लिपिमा पठनपाठन हुने शेर्पा भाषामा बौद्ध शिक्षा पढाइने विद्यालयले जनाएको छ ।

स्थानीय पाठ्यक्रमका रूपमा विकास गरी सम्भोटा लिपिमा शेर्पा तथा भोट भाषाबाट बौद्ध शिक्षा पठनपाठन सुरु गरिएको हो । गत मंगलबार २५६९औं बुद्ध जयन्तीका अवसरमा विद्यालयमा औपचारिक कार्यक्रम गरी पठनपाठन सुरु गरिएको छ । पाठ्यक्रम विकास केन्द्रले शेर्पा भाषाको सम्भोटा लिपिमा तयार पारेको किताब विद्यार्थीलाई वितरण गरिएको प्रधानाध्यापक चुडामणि भट्टराईले बताए ।

बालकक्षाका विद्यार्थीलाई छुट्टै र सम्भोटा लिपिको छुट्टै किताब कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई वितरण गरिएको हो । यस वर्ष कक्षा ५ सम्मका सबै विद्यार्थीलाई एउटै किताब अध्यापन गराइने र आगामी वर्षदेखि क्रमशः कक्षाअनुसार फरक-फरक किताब अध्यापन गराउने योजना रहेको विद्यालयका शिक्षक दोर्ची शेर्पाले बताए । किताबमा बुद्धको नैतिक शिक्षा, भाषा, आयुर्वेद, ज्योतिषशास्त्र, काव्य, समग्र मुक्ति र मोक्ष आदि विषयहरू समेटिएका छन् ।

पञ्चशील, ध्वजापतका, वेद र बुद्धसँग सम्बन्धित विषयमा पोख्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले सम्भोटा लिपिमा कक्षा सञ्चालन गर्न लागिएको नेपाल बौद्ध महासंघ काठमाडौंका सल्लाहकार आचार्य नुर्बु शेर्पाले जानकारी दिए । 'यो भाषामा ज्ञान भएका मान्छे कम छन्, अबको १० देखि १५ वर्षमा उत्पादन हुने शिक्षित जनशक्तिले विश्वका जुनसुकै विश्वविद्यालयहरूमा सहजरूपमा काम पाउने छन्,' उनले भने ।

यसअघि नै जिल्लाको खिजीदेम्बा गाउँपालिकामा शेर्पा भाषामा पठनपाठन सञ्चालन भइसकेको छ । सिद्धिचरण नगरपालिकामा शेर्पा भाषामा पठनपाठन सुरु गर्ने संयुक्त आधारभूत विद्यालय पहिलो विद्यालय हो । यस विद्यालयमा बालकक्षादेखि ५ सम्म अध्ययनरत ४८ विद्यार्थी सतप्रतिशत शेर्पा समुदायका छन् । नगर क्षेत्रका हरेक जातजातिका भाषा संस्कृतिलाई सहयोग गर्दै आएको सिद्धिचरण नगरप्रमुख तेजेन्द्र खनालले बताए ।

# विशेषज्ञ चिकित्सक नहुँदा प्रसूति सेवा प्रभावित

तनहु (प्रस)- प्रदेश अस्पताल दमौलीमा चिकित्सक नहुँदा प्रसूति सेवा प्रभावित भएको छ । अस्पतालमा शल्यक्रिया सेवा प्रभावित हुँदा गर्भवतीलाई पोखरा, चितवन वा काठमाडौं 'रेफर' गर्नुपर्ने बाध्यता रहेको छ ।

स्त्रीरोग विशेषज्ञ नहुँदा शल्यक्रियासहितको विशेषज्ञ सेवा साढे दुई महिनाअघिदेखि प्रभावित भएको प्रदेश अस्पताल दमौलीका मेडिकल सुपरिटेण्डेण्ट डा. परिवर्तन बरालले जानकारी दिए । अस्पतालमा सामान्य अवस्थाका सुत्केरी सेवा सञ्चालनमा रहे पनि शल्यक्रिया (अप्रेसन) गर्नुपर्ने महिलालाई रेफर पठाउनुपर्ने बाध्यता रहेको उनले बताए ।

गाइनोलोजिस्ट कुमार विष्ट सरुवा भएर भक्तपुरस्थित क्यान्सर अस्पताल गएपछि विशेषज्ञ सेवा प्रभावित भएको डा. बरालले बताए । उनले भने, 'गाइनोलोजिस्ट नहुँदा सेवा प्रभावित भएको सम्बन्धित निकायमा जानकारी गराएको छु, तर सुनुवाइ हुन सकिरहेको छैन ।' अस्पतालमा 'सर्जन' नहुँदा दैनिक कम्तीमा एक जनालाई बाहिर पठाउनुपर्ने बाध्यता छ । आवश्यकताका लागि विज्ञापन प्रकाशित गरे पनि आवेदन नपरेको डा. बरालले बताए ।

# रारामा पर्यटकीय पूर्वाधारमा लगानी गर्न माग



**काठमाडौं (प्रस)-** अथाह पर्यटकीय सम्भावना रहेर पनि अपेक्षित लाभ लिन नसकिएको रारा क्षेत्रको पर्यटन विकास र पूर्वाधारमा लगानीको वातावरण बनाउन पर्यटन व्यवसायी एवं स्थानीय सरोकारवालाहरूले जोड दिएका छन् ।

काठमाडौं-रारा नियमित पर्यटक बस सेवा सञ्चालन गर्ने उद्देश्यले आयोजित पर्यटन व्यवसायीहरूको रारा भ्रमणका क्रममा सोमबार मुगुको सल्लेरीमा गरिएको अन्तर्क्रियाका वक्ताहरूले स्थानीय तहमा पर्यटन सेवा प्रवाहमा गुणस्तर अभिवृद्धि गरिनुका साथै तालिम, प्रशिक्षण र स्तरीय होटल पूर्वाधारका लागि थप सहयोग आवश्यक रहेको औंल्याए ।

कार्यक्रममा स्थानीय छत्र साउदले रारालाई प्राथमिकता दिएकामा आभार व्यक्त गर्दै यसले स्थानीय जीवनस्तर र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । राराका होटल व्यवसायी देवीकृष्ण रोकायाले स्थानीय तहमा पर्यटन सेवा प्रवाहमा गुणस्तर अभिवृद्धि आवश्यक रहेको बताए । उनले तालिम, प्रशिक्षण र स्तरीय होटल पूर्वाधारका लागि थप सहयोग आवश्यक रहेको औंल्याए ।

बोर्डका वरिष्ठ निर्देशक हिकमतसिंह ऐरले उत्कृष्ट गन्तव्य रारा संरचनागतरूपमा धेरै विकास भइसकेको बताए । नियमित हवाई उडान र सडक सञ्जालले रारालाई सुगम बनाएको र पाहुना व्यवस्थापनका लागि भरपर्दो व्यवस्था रहेको बताए । रारा इको-टुरिज्म र चलचित्र छायांकन लागि उत्कृष्ट गन्तव्य भएकाले विश्वभरका पर्यटकलाई रारा लैजान पहल गर्नुपर्नेमा निर्देशक ऐरको जोड छ । टिवानका अध्यक्ष भीष्म न्यौपानेले रारा क्षेत्रमा पर्यटक बस सञ्चालन गर्दा केही चुनौती भएता पनि संघ तयार रहेको बताए । उनले सडक छेउका होटल व्यवस्थित गर्न र स्थानीय बासिन्दामा हस्पिटालिटी सेवामा सुधार ल्याउन आवश्यक भएको बताए ।

काठमाडौं-रारा नियमित पर्यटक बस सेवा सञ्चालन गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्डको सहकार्यमा पर्यटक बस व्यवसायी संघ नेपाल (टिवान)का २२ जना सदस्यहरूको टोलीले रारा क्षेत्रको अवलोकन भ्रमण सम्पन्न गरेको हो । उक्त टोलीमा बोर्ड, पर्यटक बस व्यवसायी, स्थानीय समुदाय, मुगुका होटल व्यवसायी, रारा राष्ट्रिय निकुञ्जका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिलगायतको सहभागिता थियो ।

नेपाल पर्यटन बोर्डले काठमाडौं-रारा पर्यटक बस सेवा सञ्चालनको सम्भाव्यता र यससँग सम्बन्धित पूर्वाधार विकासमा आवश्यक समन्वय गर्न प्रतिबद्धता जनाएको छ । साथै, रारा क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि होटल स्तरोन्नति, स्थानीय जनशक्ति तालिम, पर्यटक सेवा सुधार तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसारलाई प्राथमिकताका साथ अघि बढाइने बोर्डद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।


## युएइ/साउदीमा रोजगार

कम्पनी : AL MADINA FRESH MART - LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 318148 | चलानी नं. ६०२३२३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaners | 3 | 0 | 800 | २९,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Girls | 0 | 22 | 1200 | ४४,२९८ | | | | | | | |
| 3 | Sales Man | 30 | 0 | 1200 | ४४,२९८ | | | | | | | |
| 4 | Stock Boy /shop Store Worker | 7 | 0 | 1200 | ४४,२९८ | | | | | | | |

कम्पनी : Damons.Co.LTD

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323706 | चलानी नं. ६०२३७६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 4 | 0 | 1200 | ४३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com

## युएइ/ओमनमा रोजगार

कम्पनी : HAIZA MAHIRAH TECHNICAL SERVICES CO.L.L.C — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323646 | चलानी नं.६०२३७६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४४,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 9 | 0 | 1200 | ४४,३०० | | | | | | | |

कम्पनी : BEACON RECRUITMENT SERVICES-SOLE PROPRIETORSHIP L.L.C. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323645 | चलानी नं.६०२३७६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 800 | २९,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Reef Al Janoobi Trading — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ | LT. No. 323574 | चलानी नं.६०२३७६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST (FEMALE) | 0 | 1 | 200 | ७०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: B.M. Training Center Pvt. Ltd., Janakpurdham (Infront of Gate No 3) मा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ । ०१-५३०४००, ९८०१६६९४००, ९८४४२७१९९२

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FEWA OVERSEAS PVT. LTD
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : ENTAJ AL-NAKHEEL FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323602 | चलानी नं.६०२३७५२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKING& PACKAGING WORKER | 2 | 0 | 1100 | ३९,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## साउदीमा रोजगार

कम्पनी : Murtadha Salman Al-Leif Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323690 | चलानी नं. ६०२३७३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 4 | 0 | 1000 | ३६,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : company MOSTAFA HASSEN HAMADA LECHGAL WIDARA MUTAIM

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323689 | चलानी नं. ६०२३७३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1200 | ४३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

## साउदीमा रोजगार

कम्पनी : Shail Al Qasr Glass Factory Co.

पूर्व स्वीकृति मिति : २०८१/०२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 306354 | चलानी नं. ६०२२१०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


VARSHA MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा रोजगार

कम्पनी : Manar Al Ahmadiah Investment Company one person Company

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 319078 | चलानी नं.६०२३३२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम ईजाजत नं. ९७१/०६७/०६८

## युएइमा रोजगार

कम्पनी : Anchor Allied Factory LLC

पूर्व स्वीकृति मिति : २०८०/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 293004 | चलानी नं. ६०२०८२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 16 | 0 | 900 | ३३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Fix Job Overseas Pvt. Ltd.
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com

## मलेसियामा रोजगार

कम्पनी : GRK SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323663 | चलानी नं. ६०२३७६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 24 | 0 | 1700 | ५४,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७/८/९ गते (21/22/23 May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Jasmine Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## बहराइनमा रोजगार

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD

पूर्व स्वीकृति मिति : २०८१/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 305527 | चलानी नं. ६०२२०३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 300 | 0 | 100 | ३५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ७ गते (21st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

# प्रभाव दैनिक

बुधबार, ३१ वैशाख, २०८२ (Wednesday, May 14, 2025)


रूपशाला

### नेपाल आउनुपर्ने रचना जर्मनी पुगेपछि...

गायिका रचना रिमाल चढेको जहाज जर्मनी पुगेको छ । क्यानडाबाट भारत हुँदै नेपाल फर्कन लागेकी उनी चढेको जहाज जर्मनीमा 'इमर्जेन्सी' ल्यान्ड भएको हो । जहाजको विषयमा उनले फेसबुकमार्फत जानकारी दिएकी छन् । उनले फेसबुकमा लेखेकी छन्,'क्यानडाको सांगीतिक यात्रा सकेर आज एयर इन्डियाबाट नेपाल फर्कने क्रममा छु । क्यानडाबाट भारतमा ल्याण्ड हुनुपर्ने फ्लाइट जहाजमा आएको प्राविधिक समस्याको कारणले गर्दा जर्मनीमा इमर्जेन्सी ल्याण्ड भएको छ । केहि समयमा जर्मनीबाट भारत हुँदै नेपाल फर्कने तयारीमा छु । जय पशुपतिनाथ ।'



# 'सिनेपा'को निर्माण चलचित्र क्षेत्रका लागि क्रान्तिः *प्रधानमन्त्री*




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले 'सिनेपा' नामक अत्याधुनिक 'इन्डोर' छायाङ्कन स्टुडियो निर्माण आरम्भ हुनु नेपाली चलचित्र क्षेत्रका लागि एक प्रकारको क्रान्ति भएको बताएका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा चलचित्र विकास बोर्डद्वारा मंगलबार आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले चलचित्र क्षेत्रको मागबमोजिम अब काभ्रेको बनेपामा स्टुडियो बन्ने बताए । उनले चलचित्रकर्मीले करिब छ दशकदेखि उठाउँदै आएको माग सम्बोधन हुने प्रक्रियामा रहेको पनि बताए ।

प्रधानमन्त्री ओलीकै पहिलो कार्यकालमा उक्त स्टुडियो निर्माण गर्ने निर्णय भए पनि जग्गा विवाद र सरकार परिवर्तनलगायत विविध कारणले काम अवरुद्ध भएको थियो । 'त्यसबेलाको जति अहिले राज्यको ढुकुटीमा पैसा छैन तर पनि थालेका काम हामी पूरा गर्छौं । यसका लागि बजेट विनियोजन हुन्छ । काम थालेपछि सफल हुन्छ । यसलाई पनि सफल बनाउनुपर्छ । यो निर्माण आरम्भ उद्घोषले यस क्षेत्रमा युग परिवर्तन सुरु भएको छ', प्रधानमन्त्री ओलीले भने, 'ओरालो लागेको अर्थतन्त्रलाई हामीले लयमा ल्याएका छौं, अब यो अर्थतन्त्रको गाडी त्रिशूलीमा खस्दैन । हामी सिने क्षेत्रप्रति सधैँ सकारात्मक र सहयोगी छौँ ।'

बालाजुस्थित नेपाल चलचित्र विकास कम्पनीको जग्गा हिनामिना भएको भन्ने सम्बन्धमा सो अवसरमा सहभागी सञ्चारमन्त्री र सचिवलाई ध्यानाकर्षण गराउँदै प्रधानमन्त्री ओलीले १० दिनभित्र त्यसको छानबिन गरी प्रतिवेदन दिन निर्देशन दिए । उनले राजनीतिमा कतिपयले अभिनय गर्न थाले पनि आफूहरू राजनीतिलाई यथार्थमा बदल्ने साधनका रूपमा लिएर काम गरिरहेको स्पष्ट गरे ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ, पूर्वसञ्चारमन्त्री गोकुलप्रसाद बाँस्कोटा, बागमती प्रदेशका सांसद कञ्चनचन्द्र वादे, सञ्चार मन्त्रालयका सचिव राधिका अर्याललगायत सहभागी थिए ।

त्यसैगरी सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चलचित्रसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकले नयाँ युगलाई सम्बोधन गर्ने बताएका छन् । उक्त अवसरमा मन्त्री गुरुङले नयाँ बन्ने 'चलचित्र ऐन' ले अहिले चलचित्र क्षेत्रमा देखिएका र सुनिएका समास्यालाई न्यूनीकरण गर्ने बताए ।

'चलचित्रकर्मीको शैली र सोचमा परिवर्तन आइसकेको छ, यद्यपि हामी विसं २०२६ कै कानुनअनुसार चलचित्र क्षेत्रलाई अगाडि बढाइरहेका छौं, त्यो छिट्टै परिवर्तन भएर समयानुकूल कानुन आउनेछ । हामीले चलचित्र क्षेत्रलाई प्रवर्द्धन गर्न यो सुरूआत गरेका हौं, अगाडि धेरै काम गर्न बाँकी छ । तर, हामीले सुरू गरेका कामले विस्तारै नतिजा दिनेनै छ', उनले भने । मन्त्री गुरुङले विसं २०२६ को चलचित्र ऐनलाई प्रतिस्थापन गर्नेगरी ल्याउन लागिएको उक्त विधेयकको मस्यौदा 'चलचित्र ऐन' बनेर आइसकेपछि पनि संशोधन गर्नुपर्ने विषयमा छलफल गर्न सकिने बताए ।

विसं २०२२ देखि नै नेपालमा चलचित्र निर्माणको क्रम सुरू भए पनि ६ दशकपछि स्टुडियो बनाउन ढिलाइ भए पनि आगामी दिनमा त्यस कार्यलाई अझ प्रभावकारी एवं द्रुतगतिमा अगाडि बढाउने उनले प्रतिबद्धता व्यक्त गरे ।

# दक्षिण कोरियाको चलचित्र महोत्सवमा नेपाली कलाकार सम्मानित

■ प्रभाव संवाददाता



**काठमाडौं–** दक्षिण कोरियामा आयोजित २६औँ जेओन्जु अन्तरराष्ट्रिय चलचित्र महोत्सवको समापन कार्यक्रममा नेपाली कवि एवं कलाकार जीवन खत्रीसहित कलाकारहरूलाई सम्मान गरिएको छ । खत्रीसहित नेपाली कविहरू सुनिलदिप्त राई र दिलीप वान्तवाले मुख्य भूमिकामा अभिनय गरेको डकुमेन्ट्री चलचित्र 'मेसिनको देशमा' महोत्सवमा उत्कृष्ट भई समापन समयको विशेष शो प्राप्त गरेको थियो । आयोजकका अनुसार सुरुआती चलचित्र र समापनको चलचित्रलाई विशेष मानिन्छ र यसलाई महोत्सको अनुहार भनिन्छ ।

सो सम्मान खत्रीका साथै डकुमेन्ट्रीकी निर्माता तथा निर्देशक किम ओक यङ, सहायक निर्देशक किम सनहाय, नेपाली भाषाकी अनुवादक इ गिजु मुना र मोहन कार्कीलगायत डकुमेन्ट्री निर्माण टोलीलाई रातो कार्पेटले सम्मान गरिएको हो ।

महोत्सव कोरियाका तीन प्रमुख अन्तरराष्ट्रिय चलचित्र महोत्सवहरू मध्ये एक हो । २६औँ जोओन्जु अन्तरराष्ट्रिय चलचित्र महोत्सव आयोजकका अनुसार महोत्सवकामा विश्वभरबाट दुई हजार ४९७ चलचित्रहरू पेस गरिएका थिए र ५७ देशका २२४ चलचित्रहरू नौ हजार १४८ कथानक चलचित्रहरू र ७६ छोटा चलचित्रहरू) प्रदर्शन गरिएका थिए । तीमध्येबाट उत्कृष्ट दुई चलचित्रलाई सुरुआत र समापनको विशेष शो प्रदान गरिएको थियो ।

दश दिन चलेको महोत्सवमा सुरुआती फिल्म राडु जुडद्वारा निर्देशित 'कन्टिनेन्टल' २५ छनोट भएको थियो भने समापनका लागि काव्य डकुमेन्ट्री चलचित्र 'मेसिनहरूको देशमा' उत्कृष्ट हुँदै समापनको शो पाएको थियो । महोत्सव आयोजक समितिका अध्यक्ष मिन वू बेओमले हालसम्मकै संस्करणको उच्चतम रेकर्ड हासिल गर्न कार्यक्रम सफल रहेको बताए । सम्मानबाट मुलुकको प्रतिष्ठा अन्तरराष्ट्रिय जगत्मा बढेको कवि खत्रीले बताए ।

# 'के घर के डेरा : घर नं २' सेन्सर पास

■ प्रभाव संवाददाता

**काठमाडौं –** दीपेन्द्र के खनाल निर्देशित चलचित्र 'के घर के डेरा : घर नं २ 'ले युनिभर्सल सर्टिफिकेट पाएको छ । केन्द्रीय चलचित्र जाँच पास समिति (सेन्सर बोर्ड)ले फिल्म हेर्दै यो सर्टिफिकेट दिएको हो ।

यो सर्टिफिकेटसँगै चलचित्र सबै उमेर समूहका दर्शकले हेर्न पाउनेछन् । सेन्सर बोर्डमा चलचित्र प्रदर्शन गरिएको बेला अधिकांश सदस्यहरू भावुक बनेको देखिएको थियो । चलचित्रका केही मार्मिक दृश्यहरूले मन छोएको प्रतिक्रिया दिँदै उनीहरूले धेरै समयपछि मौलिक र गहिरो नेपाली सिनेमा हेर्न पाएको अनुभव गरेको




फिल्म युनिटले जनाएको छ ।

'के घर के डेरा : घर नं २' जेठ २ गतेदेखि रिलिज हुँदैछ । चलचित्रको कथा साहित्यकार बुद्धिसागरले लेखेका छन् । चलचित्रले घर र डेराको कथा भन्नेछ ।

खगेन्द्र लामिछाने, निश्चल बस्नेत, उपासना सिंह ठकुरी, आर्यन सिग्देल, केकी अधिकारी, प्रकाश घिमिरे, श्रृजना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज विष्टलगायत कलाकारको अभिनय रहेको चलचित्र एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट तथा नटराज क्रिएसनको प्रस्तुतिमा निर्माण भएको हो ।

चलचित्रका कार्यकारी निर्माता युवराज कार्की र निर्माता नकिम उद्दिन, शरद श्रेष्ठ र किरण महर्जन रहेका छन् ।

## रंगशाला

**महिला टी-२० क्रिकेट**

# हङकङसँग पराजित भयो नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया क्वालिफायर क्रिकेटअन्तर्गत मंगलबार भएको खेलमा नेपाल हङकङसँग पराजित भएको छ ।

थाइल्यान्डको बैंककस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी मैदानमा भएको खेलमा हङकङले नेपाललाई सात विकेटले पराजित गरेको हो । नेपालले जितका लागि ३० रनको लक्ष्य दिएकामा हङकङले ४ दशमलव ३ ओभरमा ३ विकेटको क्षतीमा उक्त लक्ष्य पूरा गर्यो ।

वर्षाका कारण टसमा ढिलाइ भएपछि खेललाई पाँच ओभरमा झारिएको थियो । हङकङका लागि शान्जिन शहजादले अविजित १५ र मारिको हिलले ११ रन बनाइन् । बलिङतर्फ नेपालका लागि कविता कुँवरले दुई विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित पाँच ओभरमा तीन विकेट गुमाउँदै २९ रन बनायो । नेपालका लागि सम्झाना खड्काले १० रन बनाइन् । कप्तान इन्दु बर्माले ९ र रुबिना क्षेत्रीले चार, पूजा महतोले तीन र कविता कुँवरले दुई रन बनाइन् । बलिङतर्फ हङकङका लागि एलिसन सिउले तीन विकेट लिइन् ।

यसअघि नेपाल र हङकङबीचको पहिलो खेल वर्षाका कारण रद्द भएको थियो । नेपालले दोस्रो खेलमा बहराइनलाई ९ विकेटले हरायो ।

प्रतियोगितामा नेपालसहित आयोजक थाइल्यान्ड, भूटान, कुवेत, कतार, मलेसिया, हङकङ, बहराइन र युनाइटेड अरब इमिरेट्स (युएई) सहभागी छन् । नेपाल समूह 'सी' मा रहेको छ । नेपालको समूहमा बहराइन र हङकङ छन् । समूह 'ए' मा भूटान, कुवेत र थाइल्यान्ड तथा समूह 'बी' मा मलेसिया, कतार र युएई छन् ।

**साफ यु-१९ च्याम्पियनसिप**

# नेपाल भारतसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालविरुद्ध कीर्तिमानी जित निकाल्दै घरेलु टोली भारतले अपराजित रहँदै साफ यु-१९ च्याम्पियनसिपको समूह चरणको खेल सक्काएको छ ।

गोल्डेन जुब्ली स्टेडियममा मंगलबार सम्पन्न समूह 'बी'को अन्तिम खेलमा भारतले ४-० को जित निकालेको हो । यु-१९ प्रतियोगितामा भारतको यो नेपालविरुद्ध अहिलेसम्मकै सबैभन्दा ठूलो जित हो । यसअघि भएका दुवै भेटमा दुवै टोलीले पेनाल्टी सुटआउटमार्फत खेल जितेका थिए ।

सन् २०१५ मा सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको प्रतियोगितामा घरेलु टोली नेपालले पेनाल्टी सुटआउटमा ५-४ को जित निकाल्दै उपाधि नै हात पारेको थियो ।

त्यसको आठ वर्षपछि अर्थात २०२३ त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको दोस्रो भेटमा भने भारतले उसैगरी बदला लिँदै पेनाल्टी सुट आउटमा नेपाललाई ३-२ ले पाखा लगाउँदै फाइनलमा स्थान बनायो र उपाधि नै हात पार्‍यो । यी दुवै खेलको निर्धारित समय १-१ को बराबरीमा सकिएको थियो । तर, यसपल्ट भने नेपालविरुद्ध भारतले गोलको वर्षा गराएको हो ।

यो नतिजासँगै समूह विजेता बनेको भारतले दुई खेलबाट ६ अंक बटुल्यो । भारतले पहिलो खेलमा भुटानलाई ८-० ले पराजित गरेको थियो । अब भारतले फाइनल प्रवेश गर्न अर्को समूहको उपविजेता



माल्दिभ्ससँग खेल्ने छ । माल्दिभ्सले बंगलादेश र भुटानसँग समान २-२ को बराबरी खेल्दै सेमिफाइनलमा स्थान बनाएको थियो ।

नेपालले भने बंगलादेशसँग खेल्ने भएको छ । भुटानलाई ३-० ले हराउँदै बंगलादेश समूह 'ए'को विजेता बनेको थियो । भारतलाई जित दिलाउन रोहिन सिंहले दुई तथा ओमङ डोडुम र डानी मिथेईले समान एक गोल गरेका हुन् । नेपालले २७ मिनेटसम्म भारतलाई गोलरहित बराबरीमा रोकेको थियो ।

तर, अर्को मिनेटमै डिफेन्डरको गल्तीका कारण गोल खान पुगेको हो । एमएस थोक्छुमले दिएको क्रसलाई विफल बनाउन बक्सनजिक रहेका प्रशान्त मोक्तानले फ्रि हेडर गरेका थिए । तर, आफ्नै पोस्टतिर पुग्दा रोहिनले गोल गर्ने अवसर प्राप्त गरेका हुन् । उनलाई रोक्न सुवास बम पुगे पनि सफल हुन सकेनन् ।

लगत्तै नेपाली डिफेन्डरले अर्को गल्ती गर्न पुगे । तालमेल नमिल्दा कप्तान राम थापाले दिएको ब्याक पास बल भारतका डानी मेथाईले खोसेका थिए ।

उनले दिएको क्रसलाई सिक्स यार्ड बक्सनजिकबाट उमंगले गोलमा परिणत गरे । उनलाई रोक्न प्रशान्त नै पुगेका थिए । तर, ओमङले छक्याउँदै सहजै गोल गर्न सफल रहे ।

७६औं मिनेटमा रोहिनले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरे । डानीले प्रहार गरेको बललाई गोलकिपर भक्तबहादुर परियारले विफल बनाएका थिए । तर, रिबान्डमा रोहनले सहजै गोल गरे ।

८४औं मिनेटमा डानी आफैंले गोल गरे । सिंगामायुम सामीले प्रहार गरेको बललाई पुनः भक्तबहादुरले रोकेका थिए । रिबान्डमा डानीले सहजै जाली चुमाएका हुन् ।

**फाइनल प्रवेशका लागि नेपाल र बंगलादेश भिड्ने**

नेपालले साफ यु-१९ च्याम्पियनसिपको फाइनल प्रवेश गर्न बंगलादेशविरुद्ध खेल्ने भएको छ । गोल्डेन जुब्ली स्टेडियममा मंगलबार सम्पन्न समूह 'बी'को अन्तिम खेलमा भारतसँग ४-० को हार बेहोरेसँगै नेपालले सेमिफाइनलमा बंगलादेश प्रतिद्वन्द्वी पाएको हो ।



इण्डोनेसियाको मध्य जाभास्थित मागेलाङमा रहेको बोरोबुदुर मन्दिरमा भेसाक दिवस समारोहको क्रममा सोमबार प्रार्थनापश्चत् लाल्टिन उडाउँदै मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# खाडी भ्रमणका लागि साउदीमा ट्रम्प

## साउदीपछि कतार र संयुक्त अरब इमिरेट्स जाने

**रियाद–** मध्यपूर्वका अशान्त क्षेत्रहरूमा सम्झौता गर्न गाह्रो हुने सम्भावना भए पनि व्यापारिक सम्झौताहरूको आशा गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प मंगलबार साउदी अरेबियामा आइपुगेका छन् । यो उनको खाडी क्षेत्रको भ्रमणको पहिलो चरण हो र त्यसपछि कतार र संयुक्त अरब इमिरेट्स जाने छन् ।

यो भ्रमण अमेरिकी राष्ट्रपतिको दोस्रो कार्यकालको पहिलो प्रमुख विदेश भ्रमण हो र ह्वाइट हाउसले उनले यस क्षेत्रमा 'ऐतिहासिक फिर्ती'को अपेक्षा गरेको बताएको छ । आठ वर्षअघि पनि ट्रम्पले राष्ट्रपतिका रूपमा आफ्नो पहिलो विदेश भ्रमणका लागि साउदी अरेबियालाई रोजेका थिए । त्यसबेला उनले स्मरणीय रूपमा चम्किरहेको कक्षका साथ पोज दिएका थिए र तरबार नृत्यमा भाग लिएका थिए ।

परम्परागत पश्चिमी मित्रराष्ट्रहरूलाई छोडेर फेरि तेल-धनी खाडी राष्ट्रहरूमा यात्रा गर्ने उनको निर्णयले उनीहरूको बढ्दो भू-राजनीतिक भूमिका र क्षेत्रमा उनको आफ्नै व्यापारिक सम्बन्धलाई प्रकाश पार्छ । भ्रमणअघिका दिनहरूमा ह्वाइट हाउसले भारत



र पाकिस्तानबीच युद्धविराम गर्न, गाजामा अमेरिकी बन्धकलाई रिहा गर्न र इरानसँग अर्को चरणको आणविक वार्ता गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यी पहलहरू गत हप्ता ट्रम्पले इरान समर्थित हुथी विद्रोहीहरूसँग युद्धविरामको घोषणा गरेपछि आएका छन् ।

### सम्झौताहरू

खाडी भ्रमणको समयमा ध्यान सम्भवतः व्यापारिक सम्झौताहरू सुरक्षित गर्ने हुने छ । 'ह्वाइट हाउसका स्रोतहरूले राष्ट्रपतिले 'सम्झौताहरू' मा ध्यान केन्द्रित गर्नुहुने संकेत गर्नुभएको छ,' अटलान्टिक काउन्सिलको स्कोक्रोफ्ट मिडल इस्ट सेक्युरिटी इनिसिएटिभका प्रतिष्ठित फेलो डेनियल बी शापिरोले लेखेका छन् ।

रियाद, दोहा र अबु धाबीले ७८ वर्षीय अर्बपति ट्रम्पलाई भव्य शाही स्वागतका साथ रेड कार्पेट ओछ्याउने अपेक्षा गरिएको छ । ट्रम्पकी प्रवक्ता क्यारोलिन लेभिटले भ्रमणअघि भनिन्, 'राष्ट्रपति 'अतिवाद पराजित भएर त्यसको स्थानमा व्यापार र सांस्कृतिक आदानप्रदान' हुने दृष्टिकोण प्रवर्द्धन गर्न मध्यपूर्वमा आफ्नो ऐतिहासिक फिर्तीको अपेक्षा गर्दै हुनुहुन्छ ।'

खाडी राष्ट्रहरूले ट्रम्पको दोस्रो कार्यकालमा आफूलाई प्रमुख कूटनीतिक साझेदारका रूपमा स्थापित गरेका छन् । दोहा हमास र इजरायलबीच वार्ताको प्रमुख मध्यस्थकर्ता रहेको छ, जबकि साउदी अरेबियाले युक्रेनको युद्धमा वार्ताको सहजीकरण गरेको छ ।

साउदी अरबका वास्तविक शासक क्राउन प्रिन्स मोहम्मद बिन सलमानले अमेरिकी व्यापार र लगानीमा छ खर्ब डलर खर्च गर्ने वाचा गरेसँगै राज्यमा फर्कने कुरा महिनौंदेखि चर्चामा रहेको छ ।

'म एक अद्भुत व्यक्ति क्राउन प्रिन्सलाई यसलाई लगभग १० खर्ब डलरमा पुऱ्याउन सोध्दै छु । मलाई लाग्छ उहाँहरूले त्यसो गर्नुहुने छ किनभने हामी उहाँहरूसँग धेरै राम्रो भएका छौं,' प्रस्तावको जवाफमा ट्रम्पले भने ।

रक्षा मन्त्रालय नजिकका एक साउदी अधिकारीका अनुसार रियादले अर्बौं डलरको अत्याधुनिक हवाई रक्षा प्रणालीसहित नवीनतम् अमेरिकी एफ-३५ लडाकु जेटहरू सुरक्षित गर्न दबाब दिने छ । 'हामी ट्रम्पको कार्यकालमा डेलिभरी हुने सर्त राख्ने छौं,' स्रोतले एएफपीलाई भन्यो । *रासस/एएफपी*

# चीनले बोइङमाथिको प्रतिबन्ध हटायो : *रिपोर्ट*




**बेइजिङ–** बेइजिङ र वासिङ्टनले उनीहरूको व्यापार युद्धको एक प्रमुख तनाव कम गर्दै अस्थायी रूपमा भन्सार शुल्कहरू घटाउन सहमति जनाएपछि चीनले घरेलु एयरलाइन्सलाई नयाँ बोइङ विमान स्वीकार गर्नमाथिको प्रतिबन्ध हटाएको एक रिपोर्टमा उल्लेख छ ।

गत महिना अमेरिकी विमान निर्माताले चिनियाँ एयरलाइन्सले दुवै पक्षले लगाएको भारी भन्सार शुल्कका कारण नयाँ विमानको डेलिभरी स्वीकार गर्न छाडेको पुष्टि गरेको थियो । तर मंगलबार ब्लुमबर्ग न्युजका अनुसार चिनियाँ अधिकारीहरूले घरेलु वाहकहरूलाई उनीहरू अमेरिकी-निर्मित विमानको अर्डर पुनः सुरु गर्न सक्छन् भनेर भन्न थालेका छन् ।

बोइङले तत्काल टिप्पणीको अनुरोधमा प्रतिक्रिया दिएन । दुई देशले सोमबार ९० दिनका लागि भन्सार शुल्क घटाउने र वार्ता जारी राख्ने घोषणा गरेपछि यो समाचार आएको हो । वासिङ्टनले चीनबाट हुने धेरै आयातमा १४५ प्रतिशत नयाँ भन्सार शुल्क लगाएको थियो भने बेइजिङले अमेरिकी सामानमा १२५ प्रतिशत भन्सार शुल्क लगाएर जवाफ दिएको थियो ।

जेनेभामा वार्तापछि सोमबारको घोषणाले संयुक्त राज्य अमेरिकाले ३० प्रतिशतमा कर घटाएको र चीनले आफ्नो १० प्रतिशतमा कटौती गरेको देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले परिणामलाई 'पूर्ण पुनर्निर्धारण' भनेका छन् र समकक्षी सी चिनफिङसँग चाँडै वार्ता हुनसक्ने बताएका छन् ।

कम्पनीले सन् २०२५ मा चीनलाई करिब ५० वटा विमान आपूर्ति गर्ने योजना बनाएको कम्पनीका प्रमुख कार्यकारी केली ओर्टबर्गले गत महिना बताएका थिए । चीनको विदेश मन्त्रालयले पनि तुरून्त टिप्पणीको अनुरोधको जवाफ दिएको छैन । *रासस/एएफपी*

# ट्रम्पलाई टर्की भ्रमण गर्न जेलेन्स्कीको आग्रह

**किएभ–** टर्कीलाई रूस र युक्रेनबीचको वार्तास्थलका रूपमा प्रस्ताव गरिएकाले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई टर्की भ्रमण गर्ने अवसर खोज्न आग्रह गरेको छ । एक भिडियो सन्देशमा युक्रेनी राष्ट्रपतिले वार्ताका लागि टर्की जान तयार रहेको बताए ।

एक्समा पोस्ट गरिएको सन्देशमा जेलेन्स्कीले 'रुसी गोलाबारी र आक्रमणहरू जारी रहेको' पनि आरोप लगाए । युक्रेनले कूटनीतिलाई समर्थन गरेको उल्लेख गर्दै उनले अमेरिकी राष्ट्रपतिले बैठकलाई समर्थन गर्ने र यसमा सहभागी हुने अवसर पाउने आशा व्यक्त गरे ।

'युक्रेनले सधैं कूटनीतिलाई समर्थन गरेको छ । म टर्की जान तयार छु । दुर्भाग्यवश, विश्वले अझै युद्धविरामका लागि गरिएका धेरै प्रस्तावका बारेमा रूसबाट स्पष्ट जवाफ पाएको छैन,' उनले भने, 'रूसी गोलाबारी र आक्रमणहरू जारी छन् । प्रत्यक्ष बैठकको प्रस्तावबारे मस्को दिनभर मौन रहेको छ । एक विचित्र मौन । एउटा या अर्को तरिकाले, रूसले यो युद्ध अन्त्य गर्नुपर्ने छ र जति चाँडो, त्यति राम्रो । हत्या जारी राख्नुको कुनै अर्थ छैन ।'

राष्ट्रपति एर्दोगान (टर्कीका राष्ट्रपति)ले बैठकको आयोजना गर्न पूर्णतयारी व्यक्त गरेको भन्दै उनले भने, 'राष्ट्रपति ट्रम्पले बैठकलाई पूर्ण समर्थन गर्नु महत्त्वपूर्ण छ र हामी उहाँले टर्की आउने अवसर खोज्न सक्षम हुनुहोस् भन्ने चाहन्छौं ।'



रुस-युक्रेन वार्ता

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आइतबार इस्तानबुलमा युक्रेनसँग प्रत्यक्ष वार्ता गर्न आह्वान गर्दै मे १५ (जेठ १ गते) देखि नै ढिलाइ नगरी वार्ता सुरु गर्नुपर्ने बताएका छन् । रूसी विदेश मन्त्रालयद्वारा साझा गरिएको टेलिभिजन सम्बोधनमा पुटिनले वार्ता 'कुनै पूर्वसर्तविना' हुनुपर्ने र टर्कीले राष्ट्रपति रेसेप तैयप एर्दोगानको नेतृत्वमा फेरि आयोजकको भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिए ।

'हामी किएभका अधिकारीहरूलाई प्रत्यक्ष वार्ता पुनः सुरु गर्न सुझाव दिन्छौं, जसलाई उनीहरूले नै सन् २०२२ मा अवरोध गरेका थिए,' पुटिनले घोषणा गरे, 'हामी अर्को हप्ता मे १५ मा इस्तानबुलमा ढिलाइ नगरी वार्ता सुरु गर्ने प्रस्ताव गर्दछौं ।'

पुटिनले स्थानको छनोटबारे थप व्याख्या गर्दै भने, 'म कुनै पूर्वसर्तविना प्रत्यक्ष वार्ताको कुरा गर्दै छु र हामी अर्को बिहीबार मे १५ मा इस्तानबुलमा तुरुन्तै सुरु गर्न प्रस्ताव गर्दछौं । पहिले वार्ता भएको स्थान । यो राम्ररी थाहा छ कि टर्की सहकर्मीहरूले यस्तो वार्ता आयोजना गर्न आफ्नो सेवाहरू प्रस्ताव गरेका थिए र राष्ट्रपति एर्दोगानले विगतमा ती वार्ताहरू आयोजना गर्न धेरै काम गरेका थिए ।'

पहिलेको छलफलबारे विचार गर्दै पुटिनले भने, 'त्यतिबेला ती वार्ताहरूको नतिजास्वरूप, एउटा संयुक्त सम्झौताको मस्यौदा तयार पारियो र किएभ वार्ता टोलीका प्रमुखले सुरुआती हस्ताक्षर गरेका थिए, तर पश्चिमको आदेशमा यसलाई सानो फोहोरको टोकरीमा फालिएको थियो ।'

उनले पश्चिमी प्रभावले ती वार्ताहरूमा भएको प्रगतिलाई अवरुद्ध गरेको संकेत गरे । युक्रेन र रुसबीचको द्वन्द्व लामो समयदेखि चलिरहेको छ। जसको परिणामस्वरूप महत्त्वपूर्ण मानवीय पीडा र आर्थिक क्षति भएको छ। सन् २०२२ फेब्रुअरीमा रुसले पूर्णरूपमा आक्रमण गरेपछि तेस्रो वर्षमा प्रवेश गरेको रुस-युक्रेन युद्ध युरोपको सबैभन्दा विनासकारी द्वन्द्वमध्ये एक बनेको छ । *रासस/एएनआई*

# शेख हसिनाको पार्टी निर्वाचनबाट प्रतिबन्धित

**ढाका–** बंगलादेशको निर्वाचन आयोगले अपदस्थ प्रधानमन्त्री शेख हसिनाको राजनीतिक दल अवामी लिगको भविष्यको संसदीय चुनावमा सहभागिता रोक्ने गरी दर्ता निलम्बन गरेको छ ।

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको अन्तरिम सरकारले आइतबार अवामी लिगलाई प्रतिबन्ध लगाएपछि यो कदम आएको हो । यो प्रतिबन्ध गत वर्ष हसिनालाई अपदस्थ गर्न प्रेरित गरेको सामूहिक विरोध प्रदर्शनमा गरेको दमनको मुद्दाको फैसला नआएसम्म जारी रहने छ ।

अवामी लिग बंगलादेशको सबैभन्दा पुरानो राजनीतिक दल हो र यसले सन् १९७१ मा देशको मुक्ति युद्धको नेतृत्व गरेको थियो । संयुक्त राष्ट्रसंघका अनुसार सन् २०२४ जुलाई-अगस्टमा हसिनाको सरकारले विपक्षीमाथि कारबाही गर्न क्रूर अभियान चलाउँदा एक हजार ४०० प्रदर्शनकारीको मृत्यु भएको थियो ।



७७ वर्षीया हसिना भारतमा स्व-निर्वासनमा छिन् र मानवताविरुद्धको अपराधको आरोपमा ढाकाबाट गिरफ्तारी वारेन्टको अवहेलना गरेकी छन् । बंगलादेश निर्वाचन आयोगका वरिष्ठ सचिव अख्तर अहमदले गृह मन्त्रालयको सिफारिसका आधारमा अवामी लिगको दर्ता निलम्बन गरेको बताए । 'गृह मन्त्रालयले बंगलादेश अवामी लिग र यससँग जोडिएका संस्थाहरूको सबै प्रकारका संगठनात्मक गतिविधिहरूमा प्रतिबन्ध लगाएको छ,' उनले सोमबार राति पत्रकारहरूलाई भने, 'त्यो निर्णयलाई निरन्तरता दिँदै निर्वाचन आयोगले आयोगमा अवामी लिगको दर्ता निलम्बन गर्ने निर्णय गरेको छ ।' *रासस/एएफपी*


**स्थानीय सरकार**

**दुहवी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**दुहवी, सुनसरी**

**कोशी प्रदेश, नेपाल**

**क्याटलग सपिङ विधिबाट उपकरण तथा यन्त्र खरिद सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति २०८२/०१/३१**

चालु आ.व. २०८१/८२ मा यस दुहवी नगरपालिकाको मातहतमा रहेको सरस्वती मा.वि. दुहवी-५ को लागि LED Smart Board (Interactive Flat Panel) with OPS Computer आवश्यक पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा ८ को उपदफा १(क) ड तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) को नियम ३१(ख)१ बमोजिम उल्लेखित उपकरण तथा यन्त्र उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बिच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा सम्बन्धित आधिकारिक बिक्रेताहरूले आफ्नो उत्पादकको आधिकारिक स्पेशिफिकेशन, कम्पनीको आधिकारिक पत्र, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सातौ) दिनको १२ बजे भित्र यस कार्यालयमा निवेदन दर्ता गराउन दर्ता गराउनुहुन अनुरोध छ । साथै दर्ता भएका निवेदनहरु सोही दिनको २ बजे नियमानुसार खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**उपकरण तथा यन्त्रको विवरण:**

| क्र.स. | उपकरण तथा यन्त्रको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | LED Smart Board (Interactive Flat Panel) | ६ थान | माग गरिएको उपकरणरयन्त्रको स्पेशिफिकेशन र विस्तृत विवरण कार्यालयको वेबसाइट https://duhabimun.gov.np मा हेर्न सकिनेछ । |
| २ | OPS Computer | ६ थान | |

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १८४८०० | प्रति तोला - ० | प्रति तोला - १९७० |



**नेपाली हाते कागज** | अछामको रामारोशन गाउँपालिका-६ स्थित श्री लक्ष्मी हाते कागज उद्योगमा उत्पादन गरिएका नेपाली कागज घाममा सुकाइँदै । वि.सं. २०४१ सालमा स्थापना भएको यस उद्योगमा उत्पादन भएका कागज काठमाडौं, नेपालगञ्ज, धनगढीलगायत स्थानमा बिक्रीका लागि पठाइने गरिन्छ । *तस्बिर : सुशील भण्डारी/रासस*

## दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट भएको छ । मंगलबार नेप्से परिसूचक १४ दशमलव ८७ अंकले घटेर दुई हजार छ सय ३४ दशमलव २३ को विन्दुमा कायम भएको हो ।

तीन सय १४ कम्पनीको दुई करोड १८ लाख २८ हजार दुई सय ३१ कित्ता सेयर एक लाख दुई हजार चार सय ४५ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ६३ करोड ४८ लाख १२ हजार छ सय १२ बराबरको कारोबार भएको छ ।

विकास बैंक समूह शून्य दशमलव ८८, जीवन बीमा शून्य दशमलव ९५ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ३०, वित्त एक दशमलव ९१, होटल तथा पर्यटन दुई दशमलव २१, जलविद्युत् एक दशमलव १८ र लगानी समूह शून्य दशमलव ७९ प्रतिशतले घटेको छ ।

त्यसैगरी, लघुवित्त शून्य दशमलव ६९, म्युचुअल फन्ड शून्य दशमलव १८, निर्जीवन बीमा समूह शून्य दशमलव ५९, व्यापार दुई दशमलव ४६ र अन्य समूह शून्य दशमलव ६० प्रतिशतले घटेको छ ।

कारोबारमा क्रेष्ट माइक्रोलाईफ इन्स्योरेन्स लिमिटेड र ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य सात दशमलव ९३ प्रतिशतले घटेको छ ।

# ‘आर्थिक सुधारका कार्यक्रमलाई उच्च महत्त्व दिएका छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं**– उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको समग्र आर्थिक सुधारलाई सरकारले उच्च महत्त्वका साथ अघि बढाइरहेको बताएका छन् । आगामी आर्थिक वर्षको बजेटबारे विकास साझेदारसँग मंगलबार अर्थ मन्त्रालयमा भएको छलफलमा उनले आर्थिक सुधारको प्रक्रिया थालिसकेको र त्यसलाई भविष्यमा अझ प्रभावकारी रूपमा अघि बढाउने बताए ।

‘केही समयदेखि आर्थिक सुधार थालेका छौं । त्यसबाट सकारात्मक नतिजा पाइरहेका छौं । भविष्यमा पनि आर्थिक सुधारका कार्यक्रमलाई उच्च महत्त्व दिनेछौं’, उनले भने, ‘अध्यादेशबाट गरिएका कानुन संशोधन, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएका सुझाव, विभिन्न नीति तथा निर्णय नीतिगत सुधारका महत्त्वपूर्ण पक्षहरू हुन् ।’

अर्थमन्त्री पौडेलले आगामी बजेट विशेष गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउनेतर्फ केन्द्रित हुने जानकारी दिए ।

स्रोत सुनिश्चितताको हिसाबले सुविधाजनक अवस्था नरहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले बजेट निर्माण गर्दा मितव्ययितता, खर्च कटौती र सीमित साधन स्रोतलाई अत्याधिक प्रतिफल हुने गरी विनियोजन गर्नेमा ध्यान दिने बताए ।



> वैदेशिक सहायतालाई नेपालको आवश्यकता र प्राथमिकतामा केन्द्रित गर्ने, त्यसको सही र प्रभावकारी सदुपयोग गर्नेमा हाम्रो ध्यान केन्द्रित हुनेछ । पुँजीगत खर्च र त्यो खच नहुँदाको समस्या समाधानका लागि पनि ध्यान दिएका छौं ।

‘वैदेशिक सहायतालाई नेपालको आवश्यकता र प्राथमिकतामा केन्द्रित गर्ने, त्यसको सही र प्रभावकारी सदुपयोग गर्नेमा हाम्रो ध्यान केन्द्रित हुनेछ । पुँजीगत खर्च र त्यो खच नहुँदाको समस्या समाधानका लागि पनि ध्यान दिएका छौं,’ अर्थमन्त्री पौडेलले भने ।

संसद्मा प्रस्तुत गरेपछि आगामी बजेटलाई सबैले यथार्परक भनेर मूल्यांकन गर्ने विश्वास व्यक्त गर्दै अर्थमन्त्रीले मुलुकको विकासमा मित्रराष्ट्र र विकास साझेदारका निरन्तर सहयोगको अपेक्षा सरकारले गरेको बताए । अर्थ सचिव घनश्याम उपाध्यायले आगामी वर्षको बजेटले आर्थिक अनुशासन र निजी क्षेत्रको आत्मविश्वास वृद्धिलाई प्राथमिकतामा राख्ने बताए ।

अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्माले गत वर्षको तुलनामा चालु आवमा अर्थतन्त्र सुधारोन्मुख भएको बताए ।

मुलुकको विकास साझेदार एवं तिनका प्रतिनिधिले राजस्व परिचालन, स्रोतको अधिकतम सदुपयोग, यथार्थपरक बजेट निर्माण तथा कार्यान्वयनलगायत विषयमा सुझाव दिँदै भविष्यमा पनि नेपाललाई सहायता निरन्तर रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

छलफलमा भारत, चीन, अमेरिका, बेलायत, जापान, कोरिया, अष्ट्रेलिया, नर्वे, जर्मनी, फिनल्याण्ड, युरोपेली संघ, विश्व बैङ्क, एसियाली विकास बैंक, संयुक्त राष्ट्रसंघ, अन्तरराष्ट्रिय मुद्रा कोष, विश्व स्वास्थ्य संगठनलगायत विकास साझेदार सहभागी थिए ।

## कर्पोरेट

### लगानी कोष र गोदावरी नगरपालिकाबीच सम्झौता



**काठमाडौं (प्रस)**– नागरिक पेन्सन योजना सञ्चालन गर्ने सम्बन्धमा नागरिक लगानी कोष र गोदावरी नगरपालिकाबीच सम्झौता भएको छ ।

नगरपालिकाका शिक्षक, कर्मचारीको मासिक तलबाट पाँच सय रूपैयाँ र नगरपालिकाको शिक्षक, कर्मचारी कल्याणकारी कोषबाट पाँच सय रूपैयाँ थप गरी मासिक एक हजार रूपैयाँ नागरिक पेन्सन योजनामा जम्मा गर्ने विषयमा कोष र नगरपालिकाबीच सम्झौता भएको हो । सम्झौतामा नगरपालिकाको तर्फबाट नगर प्रमुख बिरेन्द्र भट्ट र कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले हस्ताक्षर गरेका छन् । यस योजनामा सहभागी शिक्षक, कर्मचारी र पालिकाको तर्फबाट जम्मा भएको रकमको आधारमा एकमुष्ठ वा ६० वर्ष पुगेपछि पेन्सन उपलब्ध गराउने सम्झौतामा उल्लेख छ ।

### बजाजको नयाँ वर्ष अफरको भाग्यशाली विजेता घोषणा


**काठमाडौं (प्रस)**– नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा. लि. ले नेपाली नयाँ वर्ष २०८२ को उपलक्ष्यमा आयोजना गरेको ‘खुसीको मिटर’ का भाग्यशाली विजेताको घोषणा गरेको छ । कम्प्नीले क्याम्पेनमा देशभरबाट हजारौं उत्साही सहभागीहरूले सहभागिता जनाएका थिए । सहभागीहरू मध्येबाट, लक्की ड्र मार्फत यस एण्ड ब्रदर्स अटो प्रा. लि., विराटनगरका मोसीम आलमले एक लाख नगद पुरस्कार जित्न सफल भएका हुन ।

यो क्याम्पेनले गेमिङको रमाइलो र मोटरसाइकल किन्दाको खुसीलाई एकसाथ जोडेको थियो । जस अन्तर्गत ग्राहकहरूले डिजिटल अनुभवमार्फत रु. १ लाखसम्म नगद पुरस्कार र आकर्षक गिफ्टहरू समेत जित्ने अवसर पाएका थिए ।




बजाजले सामाजिक सञ्जालमार्फत खेल्न सकिने विशेष डिजिटल गेम ल्याएको थियो । जसअन्तर्गत सहभागीहरूले घरमै बसीबसी विभिन्न आकर्षक उपहारहरू जित्न सफल भएका छन् । ग्राहकहरूले उक्त उपहारहरू प्राप्त गर्न बजाज मोटरसाइकलको टेस्ट राइडमा पनि उल्लेखनीय सहभागिता जनाएका थिए ।

### ब्रिटिस काउन्सिलद्वारा ‘कनेक्सन थ्रु कल्चर’ आवेदन आह्वान




**काठमाडौं (प्रस)**– ब्रिटिस काउन्सिलले ‘कनेक्सन थ्रु कल्चर (सिटिसि- संस्कृतिका माध्यमबाट संयोजन)’ अनुदान २०२५ आरम्भ भएको घोषणा गरेको छ ।

सिटिसिअन्तर्गत ब्रिटिस काउन्सिलले नेपाली कलाकारहरू, सांस्कृतिककर्मीहरू र सृजनात्मक कार्यमा संलग्न संस्थाहरूलाई बेलायतका साझेदारहरूसँग सहकार्य गर्न अनुदानका लागि आवेदन दिन आह्वान गरेको छ ।

विश्वव्यापी सहकार्यको आवश्यकता अहम् भएको अहिलेको परिस्थितिमा, यस कार्यक्रमले नेपाल तथा अन्य देशका सिर्जनात्मक समुदायलाई जोड्ने परियोजनाहरूलाई १०,००० पाउन्ड स्टर्लिङ (करिब १८ लाख २० हजार नेपाली रूपैयाँ) सम्मको अनुदान दिने छ । यो कार्यक्रम अन्तरगत विभिन्न देशका कलाकर्मीहरूको संयुक्त कला कार्यशाला (ज्वाइन्ट रेसिडेन्सी), संयुक्त सिर्जनाहरूको प्रदर्शनी, मञ्चन, अनुसन्धान, र डिजिटल कथा वाचनजस्ता परियोजनालगायतका त्यस्ता पहलहरूलाई सहयोग गरिनेछ जसको उद्देश्य आपसी समझदारी बढाउने, नवीन संवाद सुरु गर्ने, र दीर्घकालीन अन्तर्राष्ट्रिय साझेदारीहरू निर्माणको हुनेछ ।

ब्रिटिस काउन्सिल नेपालका कन्ट्री डाइरेक्टर रुस्तम मोदीले भने, ‘यस कार्यक्रमले दुवै देशका कलाकर्मी र कलासम्बन्धी संस्थाहरूलाई साझा भविष्यको कल्पना गर्न सशक्त बनाउँछ । साझा सृजनात्मकता र आपसी सम्मानमार्फत, अन्तरदेशीय सार्थक साझेदारी विस्तार भएको हामी देख्दै छौं र यसको प्रभाव दीर्घकालीन हुनेछ ।’

### सिद्धार्थ बैंकको अनलाइन पेमेन्ट गेटवे सेवा सुरु

**काठमाडौं (प्रस)**– सिद्धार्थ बैंक लिमिटेडले नेपाल क्लियरिङ हाउस लिमिटेडको सहकार्यमा कार्डमा आधारित सिद्धार्थ अनलाइन पेमेन्ट गेटवे सेवा सुरु गरेको छ । यो सेवाबाट बैंकमा खाता भएका व्यवसायी (मर्चेन्ट)हरूले अब राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंकहरूबाट जारी भएको भिसा तथा मास्टर कार्डमार्फत नेपाल तथा विदेशमा भएका ग्राहकबाट सजिलै अनलाइन भुक्तानी लिन सक्नेछन् ।

Siddhartha Bank

सिद्धार्थ अनलाइन पेमेन्ट गेटवे मार्फत अब ई-कमर्स कारोबार गर्ने विद्यालय, अस्पताल, होटल, ट्राभल एजेन्सी, एनजीओ लगायतका संस्थाहरूले देश तथा विदेशबाट सहज रूपमा अनलाइनमार्फत भुक्तानी लिन सक्नेछन् ।

यस गेटवेको प्रयोगले भुक्तानी प्रक्रियामा कार्डलाई भौतिक रूपमा प्रस्तुत गर्नुपर्ने झन्झट हटाएको छ । साथै, यस पेमेंट गेटवेको प्रयोगले आधुनिक प्रविधिको प्रयोग गर्दै कुनै पनि प्रकारको अनलाइन भुक्तानीलाई छिटो, सुरक्षित र विश्वसनीय बनाउनेछ । सिद्धार्थ अनलाइन पेमेन्ट गेटवेको मुख्य उद्देश्य डिजिटल भुक्तानी प्रणालीलाई सरल, सुरक्षित र सुलभ बनाउनु मात्र होइन कि बैंकका मर्चेन्टहरूलाई व्यापारिक दृष्टिकोणबाट थप सहयोग पुऱ्याउनु पनि हो ।

## लमजुङमा विद्युत् उत्पादन बढेन

**लमजुङ (प्रस)**– बर्खा सुरु हुन लाग्दा पनि लमजुङमा विद्युत् उत्पादन वृद्धि हुन सकेको छैन । हिउँ नपग्लिनु, मर्स्याङ्दी नदी, दोर्दी, मिदिम, खुदी, स्याँगेलगायत खोलामा पर्याप्त पानी नहुँदा गत मङ्सिरदेखि घटेको विद्युत् उत्पादन वृद्धि हुन नसकेको हो ।

जिल्लामा उत्पादन थालेको सबैभन्दा ठूलो लमजुङको बेँसीसहर नगरपालिका-१ दलालस्थित ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनामा गत मङ्सिरको सुरुआतदेखि उत्पादन घटेर २४ मेगावाटमा सीमित भएको थियो ।

अहिले केहीमात्रामा बढेर ३२ मेगावाटको हाराहारीमा विद्युत् उत्पादन हुन थालेको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रका प्रमुख पवन बस्नेतले बताए । उनका अनुसार गत वर्ष यो समयमा ४०-५० मेगावाट विजुली उत्पादन हुने गरेको थियो ।

उनले भने, ‘विगतका वर्षमाभन्दा यस वर्ष ढिलो विद्युत् उत्पादन वृद्धि हुने अवस्था छ । हिउँ नपग्लिनु, नदीमा पानी नहुनुलगायत कारणले आयोजनालाई आवश्यक पानी नहुँदा विद्युत् उत्पदान पुरानो अवस्थामा फर्किन ढिलाइ भइरहेको छ । मध्यमर्स्याङ्दी आयोजना सन् २००८ मा निर्माण सम्पन्न भएको हो ।’ उक्त आयोजना रु २७ अर्ब २० करोडको लागतमा निर्माण सम्पन्न भएको थियो ।

जिल्लामा पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरेको दोर्दी गाउँपालिका-६ ढोडेनीस्थित ५४ मेगावाट क्षमताको सुपरदोर्दी ‘ख’ आयोजनाबाट पनि विद्युत् उत्पादन बढ्न सकेको छैन । यस आयोजनाबाट हाल १४ मेगावाट मात्र बिजुली उत्पादन भइरहेको आयोजना कार्यालयले जनाएको छ ।

त्यस्तै, मर्स्याङ्दी गाउँपालिकास्थित भुलभुलेमा ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी ‘ए’ जलविद्युत्बाट अहिले ३०-३२ मेगावाटको हाराहारीमा मात्र विद्युत् उत्पादन भइरहेको आयोजनाका इञ्जिनियर कर्ण अधिकारीले जानकारी दिए । उनले भने, ‘यस वर्ष विद्युत् उत्पादन घट्दा २५ मेगावाटको एउटा टरर्वाइन मात्र चलाएका थियौं, अहिले दुई वटा चलाएका छौं, तर नदीमा पर्याप्त पानी नभएकाले पूरै क्षमतामा चल्न सकेको छैन ।’

त्यस्तै, ३० मेगावाटको ङादी जलविद्युत् आयोजना, दोर्दी करिडोरमा रहेको हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीले निर्माण गरेको २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत्, दोर्दी गाउँपालिका-६ ढोडेनीमा लिवर्टी इनर्जी हाइड्रोपावरले निर्माण गरेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी ‘ए’ आयोजना, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु तथा दुई मेगावाटको छ्याङ्दी आयोजनाबाट बिजुली पूरै क्षमतामा सञ्चालन हुन सकेका छैनन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ